# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ८५ | काठमाडौं | बिहीबार, ०१ साउन २०८२ | Prabhab National Daily | Thursday, July 17, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं**

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (बिगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं।
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
- चकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं ।

विश्व स्तनपान सप्ताह सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


विवादै विवादमा गठबन्धनका मन्त्रीहरु

# मन्त्रिपरिषद् हेरफेरको तयारीमा प्रधानमन्त्री ओली

- शिक्षक आन्दोलनका कारण पद छाड्न बाध्य भइन् निवर्तमान शिक्षामन्त्री विद्या भट्टराई
- भिजिट भिसा प्रकरणमा मुछिएका गृहमन्त्री रमेश लेखक पदमा यथावत्
- संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता ७८ लाख 'घुस डिल' प्रकरणका कारण राजीनामा दिन बाध्य
- भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले ३२ लाख घुस रकम लिएको दाबीसहित अडियो सार्वजनिक
- ओली नेतृत्वको सरकार असफल भएको भन्दै जनता समाजवादी पार्टी नेपालले लियो सरकारलाई दिएको समर्थन फिर्ता



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेससँग गठबन्धन गरी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार बनेको वर्ष दिन पूरा भएको छ । यस अवधिमा पटक-पटक मन्त्रिपरिषद् हेरफेरको चर्चा चले पनि सरकारले वर्ष दिन मनाएको छ ।

यद्यपि, यो सरकारका मन्त्रीहरू कहिले भिजिट भिसा प्रकरणमा त कहिले 'घुस डिल' प्रकरणमा मुछिए । निवर्तमान शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई शिक्षक आन्दोलनका कारण पद गुमाउन बाध्य भइन् । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता ७८ लाख 'घुस डिल' प्रकरणका कारण राजीनामा दिन बाध्य भए । दुवै नेकपा एमालेबाट मन्त्री भएका हुन् । नेपाल विद्युत् प्राधिकरणका निवर्तमान प्रमुख कार्यकारी अधिकृत कुलमान घिसिङ हटाएको समयमा विभागीय मन्त्री दिपक खड्कालाई नसघाएको आरोपमा ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ 'कान्छाराम' पदमुक्त भए । प्रतिनिधिसभा सदस्य तामाङ नेपाली कांग्रेसबाट मन्त्री भएका थिए ।

यही बीचमा फेरि पनि मन्त्री हेरफेरको चर्चा चलेको छ । अहिले कांग्रेसबाट मन्त्री बनेका उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह, गृहमन्त्री रमेश लेखक, युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसिया, स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, कृषि तथा पशुपंक्षी विकासमन्त्री रामनाथ अधिकारी, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई हटाउने तयारी गरेको बताइएको छ ।

क्रमशः पृष्ठ २ मा

## जसपाले लियो समर्थन फिर्ता

**काठमाडौं (प्रस)–** जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारलाई दिएको समर्थन औपचारिकरूपमा फिर्ता लिएको छ । बुधबार उक्त पार्टीले समर्थन फिर्ता लिएको हो ।

उक्त समर्थन फिर्तासँगै प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकार राष्ट्रिय सभामा अल्पमतमा परेको छ । जसपाले ओली नेतृत्वको सरकार असफल भएको निष्कर्षसहित यसअघि नै केन्द्रीय कार्यकारिणी समितिको बैठकले समर्थन फिर्ता लिने निर्देशन दिएको थियो ।

पार्टीको निर्देशनको झण्डै एक महिनापछि बुधबार संसदीय दलले निर्णय गरेको हो । सोमबारमात्र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री ओलीसहित कांग्रेसका सभापति शेरबहादुर देउवासँग छलफल गरेका थिए ।

# गुप्तापछि भूमि व्यवस्थामन्त्री अधिकारीको अडियो

## मन्त्री अधिकारीले ३२ लाख घुस लिएको दाबी

■ जेबी योञ्जन



**बलराम अधिकारी**
भूमि व्यवस्थामन्त्री

- पोखराको १३५ रोपनी जग्गा व्यक्तिको नाममा दर्ता गराउन घुस लिएको उल्लेख
- छोरा मनोजले घुस लेनदेनको व्यवस्था गरेको उल्लेख
- बिचौलियाका रुपमा आर्यन शर्मा र प्रकाश दाहाललगायत देखिए
- आरोप पुष्टि गर्न मन्त्री अधिकारीको चुनौती

**काठमाडौं–** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले ३२ लाख घुस लिएको अडियो सार्वजनिक भएको छ । ११ मिनेट ४६ सेकेण्डको अडियोमा मन्त्री अधिकारीले पोखराको १३५ रोपनी जग्गा व्यक्तिको नाममा दर्ता गरिदिने सर्तमा उक्त घुस लिएको दाबी गरिएको छ ।

मन्त्री अधिकारीका छोरा मनोजले घुस लेनदेनको व्यवस्थापन मिलाएको अडियोमा सुनिन्छ । यो तथ्यले मन्त्री अधिकारी र उनको परिवार गम्भीर भ्रष्टाचारजन्य कार्यमा लागेको देखिन्छ । यद्यपि, सार्वजनिक अडियोको वास्तविकता परीक्षण हुन बाँकी छ ।

झोलामा हालेर मन्त्री अधिकारीलाई ३२ लाख रूपैयाँ र सामान्य प्रशासनमन्त्रीबाट राजीनामा दिइसकेका राजकुमार गुप्तालाई ३५ लाख रूपैयाँ घुस दिएको अडियोमा सुनिएको छ । तत्कालीन सचिव अर्जुन पोखरेललाई पनि पाँच लाख रूपैयाँ घुस दिइएको उल्लेख छ । अडियोलाई आधार मान्दा पोखराको १३५ रोपनी जग्गा व्यक्तिको नाममा लैजानका लागि यी तीनजनालाई दिइएको ७२ लाख रूपैयाँ घुसबाहेक थप खर्च पनि भएको छ । घुससँगै व्यक्तिको नाममा उक्त जग्गा पुऱ्याउन एक करोड ५० लाख रूपैयाँ खर्च गरिएको विवरण पनि अडियोबाट थाहा हुन्छ ।

तर, भूमि व्यवस्थामन्त्री अधिकारीले आफूले घुस कोहीबाट नमागेको दाबी गर्दै आएका छन् । उनले पुष्टि गर्न चुनौती नै दिएका छन् । यदि कसैले प्रमाणसहित पुष्टि गर्न सक्छन् भने कारबाही भोग्न तयार रहेको बताएका थिए ।

'म मात्र होइन, मेरो मन्त्रालय र मसँग सम्बन्धित कुनै पनि व्यक्तिहरूले कहीँ कतै त्यस्तो कारोबारलाई डिल गरेको रहेछ भने यथार्थ जानकारी ल्याइदिनुस्, कानुनी कारबाही भोग्न तयार छौं,' मन्त्री अधिकारीले सोमबारको प्रतिनिधिसभा बैठकमा भनेका थिए, 'तर, अनावश्यक हल्ला गरेर कसैको चरित्र हत्या गर्ने र बदनाम गराएर काममा अवरोध गर्ने कामतिर यहाँहरू नलाग्नको निम्ति अनुरोध गर्न चाहन्छु ।'

अडियोमा बोलिरहेका बिचौलियामध्ये एकले मन्त्री अधिकारीसँग हालसालै भएको भेटबारे चर्चा गरेका छन् । त्यहाँ उनले मन्त्री अधिकारीले 'पहिला किन नआएको सुजन भाइ ?' भनेको उल्लेख छ । उनले 'भूमि आयोग कास्कीका अध्यक्ष खेम पुनको नाममा अडान लिएको हो भने म गर्थें नि' भनेर विश्वस्त तुल्याउन खोजेको देखिएको छ ।

उक्त अडियोमा चौतर्फी दबाब र प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनपछि राजीनामा दिएका मन्त्री गुप्ताबारे पनि सुन्न सकिन्छ ।

क्रमशः पृष्ठ २ मा




सन्दर्भ: वैदेशिक रोजगार

# वैदेशिक रोजगार व्यवसायी संघमा चार सदस्य मनोनीत

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यसमितिमा चार जना सदस्य मनोनीत भएका छन् । संघका अध्यक्ष भुवनसिंह गुरुङले बुधबार विधानबमोजिम मनोनयन गर्न बाँकी चार सदस्य पदमा उनीहरूलाई मनोनीत गरेका हुन् ।

मनोनीत हुनेमा अल जाफर इन्टरनेसनल प्रालिका सञ्चालक मोहमद जबारदिन मियाँ, भर्षा म्यानपावर प्रालिका सञ्चालक रबिन मेगाले मगर, रेडियण्ट ओभरसिज प्रालिका सञ्चालक शिवकुमार कार्की र रोज ह्युमन रिसोर्सेस प्रालिकी सञ्चालक सविताकुमारी सिंह रहेका छन् ।

क्रमशः पृष्ठ २ मा




- संघका अध्यक्ष भुवनसिंह गुरूङले गरे चार सदस्यको मनोनयन
- मनोनीत हुनेमा मोहमद जबारदिन मियाँ, रबिन मेगाले मगर, शिवकुमार कार्की र सविताकुमारी सिंह
- संघको विधान-२०४९ को दफा १७ (१) अनुसार मनोनयन गरिएको जानकारी
- चैत अन्तिममा निर्वाचित कार्यसमितिले तीन महिनापछि पायो पूर्णता

# जापानमा सीपयुक्त श्रमिक पठाउने समझदारी नवीकरण

**काठमाडौं (प्रस)–** सरकारले जापानमा सीपयुक्त श्रमिक पठाउने विषयको समझदारीपत्रको अवधि थप पाँच वर्षका लागि नवीकरण गर्न स्वीकृति दिने निर्णय गरेको छ ।

बिहीबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले समझदारीपत्रको अवधि सन् २०२४ मार्च १९बाट थप पाँच वर्षका लागि नवीकरणको गर्न



स्वीकृति दिएको हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गरेको प्रस्ताव मन्त्रिपरिषद्बाट पारित भएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिए । नेपाल सरकार र जापान सरकारबीच सन् २०१९ मार्च २० मा सीपयुक्त श्रमिक पठाउने समझदारीमा हस्ताक्षर भएको थियो ।

क्रमशः पृष्ठ २ मा

# 'विपद् व्यवस्थापनमा तीनै तहका सरकारबीच सहकार्य जरूरी'

**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा तीनै तहका सरकारीबीच समन्वय र सहकार्य जरुरी रहेको बताएका छन् ।

बुधबार गृह मन्त्रालयमा आयोजित कार्यक्रममा गृहमन्त्री लेखकले संघ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकार बाँडफाँटमा पनि विपद् व्यवस्थापन तीनवटै तहको कार्यक्षेत्रमा पर्ने बताए । 'हामी उच्च जोखिमपूर्ण भूगोलमा छौं,' उनले भने, 'विपद्को सामना र व्यवस्थापनका लागि तीनवटै तहबीच समन्वय र सहकार्य जरुरी छ ।'

सातवटै प्रदेशमा आपत्कालीन गोदामघरहरू रहेको बताउँदै उनले ती गोदामघर सञ्चालन प्रदेश सरकारले गर्नेगरी हस्तान्तरण गरिएको जानकारी दिए । 'काठमाडौंको गोदामघर विपद् प्राधिकरणसँग रहन्छ,' उनले भने, 'छ वटा प्रदेशस्तरका गोदामघरको सञ्चालन प्रदेश सरकारले गर्ने छन् ।'

नागरिकसँगको सबैभन्दा नजिक स्थानीय जनप्रतिनिधि रहने भएकाले आपत्कालीन गोदामघरहरू पालिकास्तरमा स्थापना गरेर तल्लो तहसम्म विपद् व्यवस्थापनका लागि सक्षम बनाउनुपर्नेमा गृहमन्त्री लेखकले जोड दिए । उनले विपद् पूर्वसूचना र विपद्पछिको खोज, उद्धार तथा पुनर्स्थापनामा सबैले सहकार्य र समन्वय गर्नुपर्ने बताए ।

विगतमा विपद्का बेला गोदामघरबाट सामग्री उपयोग गर्दाको झण्झटिलो प्रक्रियालाई सहज पार्दै गोदामघर प्रदेश सरकारलाई सञ्चालनको जिम्मेवारी दिइएको उनको भनाइ छ ।


## बचत खातामा प्रदान गरिएको बीमा सुविधाहरू र थप खाता नखोलिने सम्बन्धी सूचना

प्रकाशित मिति: २०८२/०४/०१

बैंकले विगत लामो समयदेखि Citizens Samrakshit Bachat Khata खाताहरुमा बीमा सुविधा (२४ घण्टा अस्पताल भर्नामा रु. ५०,००० र दुर्घटनाबाट मृत्युमा रु. ५ लाख सम्म) प्रदान गर्दै आएकोमा, मिति २०८२ साल श्रावण ०१ गते बाट सो बीमा सुविधा कायम नरहने व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरुमा जानकारी गराउन चाहन्छौं । उक्त खाताहरुमा प्रदान गर्दै आएका अन्य सबै सेवा सुविधाहरु भने यथावत नै रहने छन् ।

साथै, बैंकको Health and Wealth Saving Account यही मिति २०८२ साल श्रावण ०१ गते देखि सञ्चालनमा नआउने जानकारी गराउन चाहन्छौं । यस स्किममा खोलिएका खाता र सो मा रहेका सेवा सुविधाहरू यथावत नै रहने छन् तर यस स्किममा थप खाता नखोलिने व्यहोरा रहेको जानकारी गराउन चाहन्छौं । यस सम्बन्धी थप जानकारीका लागि हाम्रो बैंकको वेबसाइट वा नजिकैको शाखा कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गर्न चाहन्छौं ।

यसबाट ग्राहकवर्गहरुमा पर्न गएको असुविधाका लागि हामी क्षमाप्रार्थी छौं ।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८


## पृष्ठ १ बाट क्रमश:

### मन्त्रिपरिषद्...

बजेट बाँडफाँटका क्रममा सहरी विकासमन्त्रीले राजनीतिक भागबण्डा गरेपछि विवादमा तानिएका थिए । गृहमन्त्री लेखक भिजिट भिसामा रकम असुली प्रकरणमा मुछिएका व्यक्ति हुन् । यता युवा तथा खेलकुदमन्त्री चौधरी अहिले एनपिएल विवादका कारण मन्त्रिपरिषद् बैठकमै जान छाडेका छन् । प्रधानमन्त्री ओलीसँग विवाद बढेपछि चौधरीलाई हटाउने तयारी गरिरहेको बताइएको छ । यता पर्यटनमन्त्री पाण्डे पनि विवादमा तानिएका छन् । किसानलाई समयमै मल दिन नसकेको र दूधको रकम किसानलाई भुक्तानी गर्न नसकेको भन्दै कृषिमन्त्री अधिकारी विवादमा तानिएका छन् । यता एमालेका मन्त्रीहरू पनि विवादैविवादमा फसेका कारण हटाउनुपर्ने अवस्थामा पुगिसकेका छन्, प्रधानमन्त्री ओली ।

७८ लाख घुस डिल प्रकरणमा सामान्य प्रशासनमन्त्री गुप्ताले राजीनामा दिएसँगै भूमि व्यवस्थामन्त्री बलराम अधिकारी पनि तानिएका छन् । उक्त घुस डिलमा बलरामको नाम पनि जोडिएको छ । अधिकारीले ३२ लाख रूपैयाँ लिएको अडियो बाहिरिएसँगै उनी विवादमा तानिएका छन् । अडियो छ्याप्छ्याप्ती भए पनि अधिकारीले आफू निर्दोष रहेको दाबी गर्दै आएका छन् ।

यसैगरी उद्योगमन्त्री दामोदर भण्डारी पनि बालुवाटारको 'रेड जोन'मा परेका छन् । विभिन्न व्यक्तिमार्फत रकम असुलेको आरोप भण्डारीमाथि रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । एमालेबाट उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ, शिक्षामन्त्री रघुजी पन्त, भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहाल, रक्षा मानवीर राई रहेका छन् ।

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री गुरुङले बुधबार पत्रकार सम्मेलनमा मन्त्रिपरिषद् हेरफेर गर्ने संकेत गरे । 'मन्त्रीमण्डल गठन, पुनर्गठन हुने कुरा ठूला कुरा हैन । यो प्रधानमन्त्रीको अधिकारको कुरा हो । हामी अहिले समीकरणमा छौं । सामान्यतः एक वर्षभित्र मन्त्रीहरूलाई शपथ खुवाउने बेलामा पनि भन्नुभएको थियो । एक वर्षको हो है भन्नुभएको थियो । त्यसपछि तन्किन नि सक्छ, खुम्चिन नि सक्छ भन्नुभएको थियो,' सरकारका प्रवक्ता गुरुङले भने ।

■ ■ ■

### गुप्तापछि भूमि...

उनीबारेको प्रसंगसहित उनकै आवाज पनि अडियोमा छ । गुप्ताले यो अडियोमा घुस डिलमा सचिवले तगारोको काम गरिदिएको कुरा पनि बोलेका छन् ।

नयाँ सचिव ल्याए पनि आफूलाई समस्या पारिरहेको कुरा अडियोमा गुप्ताले बोलेका छन् । यो अडियोमा कास्की मालपोतका प्रमुख रामचन्द्र अधिकारीको सरूवा र थमौतीको प्रसंग पनि छ । उक्त जग्गा व्यक्तिको नाममा ल्याउनका लागि निर्णायक भूमिकामा रहेका अधिकारीको सरूवा ठूलै मिहेनत गरेर मिलाइएको चर्चा गरिएको छ ।

बिचौलियाका रूपमा आर्यन शर्मा र प्रकाश दाहाललगायत देखिएका छन् । उनीहरूले मन्त्री अधिकारीका छोरामार्फत रामचन्द्रको सरुवा मिलाएको अडियोमा सुन्न सकिन्छ । रामचन्द्रको सरूवा मिलाएपछि उक्त जग्गा आफूहरूले चाहेअनुसार ल्याउन सकिने कुरामा उनीहरू आश्वस्त रहेको अडियोले पुष्टि गर्छ ।

अडियोमा बोलिरहेका एकजना बिचौलियाका अनुसार मन्त्री अधिकारीका छोरा मनोजले नै विदेशबाट फर्किएर घुसको रकम संकलन गरिरहेका हुन् । अधिकारी यसअघि न्युजिल्याण्डमा बस्ने गरेको भनिएको छ । बुबा मन्त्री भएपछि उनी त्यहाँबाट घुस संकलनको काम गरिरहेको पनि अडियोमा उल्लेख छ ।

बुधबार सार्वजनिक उक्त अडियोमा मंगलबार पदबाट राजीनामा दिएका एमाले सांसदसमेत रहेका गुप्ता, बहालवाला मन्त्री अधिकारी, उनका छोरा मनोज, भूमि व्यवस्था मन्त्रालयका पूर्वसचिव अर्जुन पोखरेल र भूमि व्यवस्था तथा मालपोत कार्यालय कास्कीका तत्कालीन प्रमुख अधिकारीलाई मुछिएको छ । उनीहरू सबैजना उक्त जग्गा व्यक्तिको नाममा दर्ता गराउन रचिएको घुस लेनदेनको चक्रमा जोडिएका र मुछिएका छन् ।

यसअघि २७ असारमा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता ७८ लाख रूपैयाँ घुस प्रकरणमा जोडिएको अडियो बाहिरिएको थियो । उनले मंगलबार राजीनामा दिए । गुप्ताले उक्त घुस लेनदेन प्रकरणमा भूमि व्यवस्थामन्त्री अधिकारीलाई पनि मुछेका थिए ।

अडियोमा मालपोत कार्यालय कास्कीका तत्कालीन कार्यालय प्रमुखको सरुवा रोक्न सामान्य प्रशासनमन्त्री गुप्ताले बिचौलियासँग ५३ लाख र भूमि आयोग कास्कीको अध्यक्ष बनाउन २५ लाखसहित ७८ लाख रूपैयाँ घुस डिल गरेको कुरा सांसदहरूले उठाएका थिए । अन्ततः गुप्ताले मन्त्री पदबाट राजीनामा दिए । यता मन्त्री अधिकारीमाथि पनि पदबाट राजीनामा दिन दबाब परेको छ । मंगलबार प्रतिनिधिसभा बैठकमा सत्तापक्षमात्रै होइन, विपक्षी सांसदहरूले घुस प्रकरणमा उनी पोलिएका कारण राजीनामा मागेका थिए ।

■ ■ ■

### वैदेशिक...

संघको विधान-२०४९ को दफा १७ (१) मा रहेको व्यवस्थाबमोजिम उक्त मनोनयन गरिएको हो । संघको २१ सदस्यीय कार्यसमितिमध्ये १७ जना निर्वाचन प्रक्रियाबाट निर्वाचित गर्ने र बाँकी चार जना सदस्य अध्यक्षले मनोनीत गर्ने व्यवस्था उक्त दफामा रहेको संघले जानकारी दिएको छ ।

संघको गत चैत २९ मा सम्पन्न ३१औं साधारणसभाबाट गुरुङको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको थियो । तीन महिनापछि रिक्त सदस्य मनोनीत गरिएको हो । यससँगै संघको कार्यसमितिले पूर्णता पाएको छ । वैदेशिक रोजगार व्यवसायीहरूको छाता संगठन यस संघले व्यवसायीहरूको अधिकार र वैदेशिक रोजगार व्यवसायलाई मर्यादित बनाउन भूमिका खेल्दै आएको छ ।

■ ■ ■

### जापानमा...

उक्त सम्झौताको अवधि सन् २०२४ को मार्च १९ मा सकिएकाले सरकारले सोही मितिबाट पाँच वर्षका लागि लागू हुनेगरी नवीकरण गरेको हो ।

श्रमशक्ति अभावका कारण जापानले नेपालसहित विभिन्न मुलुकबाट ठूलो संख्यामा श्रमिक लग्दै आएको छ । त्यहाँको श्रमबजारमा एक करोड श्रमिकको माग रहेको बताइरहँदा जापान नेपाली श्रमिकहरूको प्रमुख श्रम गन्तव्य बन्नसक्ने अनुमान गरिएको छ । जापानमा निश्चित सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८० का अनुसार निश्चित सीप भएका श्रमिकहरू म्यानपावरमार्फत रोजगारीका लागि जापान जान पाउँछन् ।


## श्री हिलेजलजले ख सामुदायिक वन उपभोक्ता समूह, बनेपा २, ३ र ४ काभ्रेपलाञ्चोकको

## काठ दाउराको शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति:– २०८२।०४।०१ गते

यस सामुदायिक वन उपभोक्ता समूहले स्विकृत वन कार्ययोजा बमोजिम आ.व. २०८१।०८२ मा वन व्यवस्थापन गर्दा कटानी भएका पाटेसल्ला, गोब्रेसल्ला प्रजातीका रूखबाट उत्पादन भएका जम्मा गोलिया थान ७५० को १६२३.८८ क्यूफिट र बनेपा २ मूलडाँडा घाटगद्दी स्थानमा घाटगद्दी गरी राखेको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित निकायमा सुचिकृत काठ दाउराको कारोबार गर्ने सुचिकृत इच्छुक संघ संस्था, फर्म वा कम्पनिले सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी २२ औ दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागी सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । सम्पर्क नं. ९८५१२०४१००

अध्यक्ष
श्री हिलेजलजले ख सामुदायिक वन उपभोक्ता समूह
बनेपा २, ३ र ४ काभ्रेपलाञ्चोक



## माइग्रेसन हराएको सूचना

मिति २०७९/१०/१५ गते लगनखेल देखि चापागाउँसम्म जादा मेरो निम्न व्यहोरा राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माईग्रेसन सर्टिफिकेट हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा मेरो निम्न मोबाईल नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : मनोज खड्गी
दर्ता.नं.: ७४८१०६१९३
सिम्बोल नं.: २८१००२७१
सम्पर्क: ९८०८३०८४८१



## कुवेतमा रोजगार

कम्पनी : LAVERDE BEAUTY SALON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८१/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 306774 | चलानी नं. ६०२२१५४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE PEDICURE | 0 | 50 | 150 | ६७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LA ROCA INTERNATIONAL RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 314681 | चलानी नं. ६०२२८९८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 7 | 0 | 130 | ५८,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 5 | 0 | 130 | ५८,७३५ | | | | | | | |
| 3 | Waitress | 0 | 5 | 130 | ५८,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## भूलसुधार (सच्याइए) को सूचना !

२०८२ असार ३२ गते प्रकाशित **प्रभाव दैनिक**को वर्ष १२ अंक, ८४ मा प्रकाशित गोकर्णेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जोरपाटी, काठमाडौंद्वारा प्रकाशित गरिएको **विद्यालयको शेयरवाला र स्थान परिवर्तन सम्बन्धमा ३५ दिने दावी विरोध सम्बन्धी सूचनामा 'अब उप्रान्त मोरङ जिल्ला साविक बुधनगर गा.वि.स.वडा नं. ४ परिवर्तित विराटनगर म.न.पा.वडा नं. १८ को अजय यादव'** कायम गरी सच्याइएको व्यहोरा अनुरोध छ ।

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं



## कतारमा रोजगार

कम्पनी : AL ZEIN PALACE FOR CLEANING & HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 302996 | चलानी नं. ६०२१८००८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 5 | 1000 | ३७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बिहीबार, ०१ साउन, २०८२

| | |
|---|---|
| मेष | प्रेम सम्बन्ध राम्रो रहनेछ । |
| वृष | आर्थिक पक्ष सबल रहनेछ । |
| मिथुन | काम गर्दा सकारात्मक उर्जा प्राप्त हुनेछ । |
| कर्कट | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| सिंह | रोकिएका काम सम्पादन हुनेछ । |
| कन्या | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| तुला | सोचेको उपलब्धि प्राप्त हुनेछ । |
| वृश्चिक | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| धनु | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| मकर | सुखद समाचारले उत्साह जगाउनेछ । |
| कुम्भ | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| मीन | सानोतिनो समस्याले अल्झाउन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ साउन , २०८२ (१७ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.०० | १३७.६० |
| युरो | १ को | १५९.९१ | १६०.६१ |
| पाउन्ड स्टिर्लङ | १ को | १८४.१९ | १८५.०० |
| स्विस फ्रैन्क | १ को | १७१.९३ | १७२.६८ |
| अस्ट्रेलियन डलर | १ को | ८९.९० | ९०.२९ |
| क्यानाडियन डलर | १ को | १००.०८ | १००.५२ |
| सिङ्गापुर डलर | १ को | १०६.९० | १०७.३७ |
| जापानी येन | १० को | ९.२६ | ९.३० |
| चिनियाँ युआन | १ को | १९.१० | १९.१८ |
| साउदी अरब रियाल | १ को | ३६.५३ | ३६.६९ |
| कतारी रियाल | १ को | ३७.५९ | ३७.७६ |
| थाई भाट | ख १ को | ४.२२ | ४.२४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३० | ३७.४६ |
| मलेसियन रिङ्गेट | १ को | ३२.३० | ३२.४४ |
| दक्षिण कोरियन वन | १०० को | ९.९३ | ९.९७ |
| स्विडिस क्रोनर | १ को | १४.२० | १४.२६ |
| डेनिस क्रोनर | १ को | २१.४३ | २१.५२ |
| हङकङ डलर | १ को | १७.४५ | १७.५३ |
| कुवेती दिनार | १ को | ४४८.४० | ४५०.३६ |
| बहराइन दिनार | १ को | ३६३.४० | ३६४.९९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# 'साउन डेंगी सचेतना' महिना घोषणा




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले 'साउन महिना डेंगी सचेतना' घोषणा गरेको छ । बुधबार यहाँ आयोजित कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले 'साउन महिना डेंगी सचेतना' घोषणा गरेका हुन् ।

मन्त्री पौडेलले साउनमा डेंगी संक्रमण उच्च बिन्दु पुग्ने तथा तीव्र हुने भएकाले साउनको सुरुआतदेखि नै सचेतना फैलाउनका लागि डेंगी सचेतना महिनाका रूपमा घोषणा गरिएको जानकारी दिए । उनले साउनदेखि कात्तिकसम्म डेंगीको जोखिम हुने भएकाले हरेक शुक्रबार बिहान १० बजे 'खोज र नष्ट गर'अभियान सुरु गरिने उल्लेख गरे । 'डेंगी साउन महिनामा उच्च संक्रमण हुने सुरुआती महिना हो,' उनले भने, 'यस महिनामा सतर्कता अपनाउन सके संक्रमण कम गर्न सकिन्छ । त्यसैले सम्भावित जोखिम नियन्त्रण गर्नका लागि साउनलाई सचेतना अभियान महिना घोषित गरिएको हो ।'

मन्त्री पौडेलले डेंगी सरकारको एकल पहलले मात्र गर्न न्यूनीकरण गर्न नसकिने भन्दै नीजि क्षेत्र, समुदाय, टोल सबैको सहयोग र समन्वय आवश्यक पर्ने खाँचो औंल्याए । मन्त्रालयका सचिव डा. विकास देवकोटाले साउनमा बढी पानी पर्ने भएकाले घर वरपर पानी जम्न नदिने उपाय अपनाउन सबैलाई अनुरोध गरे । उनले कम्तीमा साउनदेखि कात्तिकसम्म लामखुट्टे खोज र नष्ट गर अभियान हरेक कार्यलय, टोलमा सञ्चालन गर्न सके डेंगी संक्रमणलाई कम गर्न सकिने धारणा राखे ।

'गत वर्ष सुरु भएको लामखुट्टे खोज र नष्ट गर अभियानका कारणले डेंगी संक्रमण घटेको छ,' उनले भने, 'यसपटक पनि यस अभियानलाई निरन्तरता दिएर संक्रमण घटाउनुपर्छ ।' सचिव डा. देवकोटाले डेंगी पूर्णरूपमा उन्मूलन गर्न नसकिने भन्दै मानिसको जीवनशैली परिवर्तन गरेर संक्रमित हुनबाट जोगिनुपर्ने बताए ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक टंकप्रसाद बाराकोटीले डेंगी संक्रमण एडिज जातको लामखुट्टेको टोकाइबाट सर्ने भएकाले उक्त लामखुट्टेलाई खोजेर नष्ट गर्नु उत्तम उपाय रहेको बताए । विश्व स्वास्थ्य संगठनका नेपाल प्रमुख डा. राजेश पाण्डवले डेंगी संक्रमण नियन्त्रणका लागि बहुक्षेत्रको भूमिका तथा संलग्नता हुनुपर्नेमा जोड दिए । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चन्द्रभाल झाले डेंगीको जोखिम हुने क्षेत्र पहिचान गरी खोज र नष्ट अभियान सञ्चालन गर्न स्थानीय तहलाई निर्देशन दिइसकिएको जानकारी दिए ।

महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले पानी परेसँगै डेंगीको सङक्रमण बढ्ने बताए । उनका अनुसार गत पुस १७ गतेदेखि असार ३१ गतेसम्म ७३ जिल्लाका एक हजार ९८३ जनामा संक्रमण देखिएको छ । 'डेंगी पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फूल पार्दछ र ती फूलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएपछि टोकेमा डेंगी रोग लाग्दछ,' उनले भने ।

# पुराना कानुनी दस्तावेज ऐतिहासिक सम्पदा : प्रधानन्यायाधीश

**काठमाडौं (प्रस)–** प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले पुराना कानुनी दस्तावेज ऐतिहासिक सम्पदा भएको बताएका छन् ।

सर्वोच्च अदालतको सम्पादन तथा प्रकाशन समितिद्वारा बुधबार आयोजित नेपाल कानुन पत्रिका (पुरानो अंक) 'प्रधानन्यायालय, २०१०' सार्वजनिक गर्दै उनले भने, 'आधुनिक न्यायप्रणाली गर्विलो र समृद्ध बनाउन जरुरी छ, पुराना मुद्दाको फैसला खोजीगरी संग्रह गर्ने कामको सुरुआत भएको छ, यसले निन्तरता पाउनुपर्छ ।'

उनले विगतमा न्यायिक चेतनास्तरका बारेमा अध्ययन गरी तयार गरेर राख्दा कानुनको अध्येता, विश्वविद्यालय र कानुनका विद्यार्थीका लागि उपयोगी भएको बताए । सर्वोच्च अदालतका न्यायाधीश तथा सम्पादन तथा प्रकाशन समितिका प्रमुख हरिप्रयास फुयाँलले कानुनी इतिहास नेपालको कानुनी इतिहासको मूल आधार भएको बताए ।

'भारतमा मुगल आउनुअघि नेपालको कानुनी इतिहासको जानकारी छैन, पुराना कानुनी मूल्यमान्यता जरुरी छ,' उनले भने, 'नेपालको कानुनी इतिहासका दस्तावेजहरू सबै जर्गेना गर्न जरुरी छ ।' वि.सं. २०११ र वि.सं. २०१२/१३ सम्मको प्रकाशन चैतसम्मसक्ने तयारी भइरहेको उनले जानकारी दिए ।

यसैबीच सर्वोच्च अदालतमा आठ वर्ष नाघेका मुद्दा टुंगिएको जानकारी दिइएको छ । आव २०८०/८१ मा मुद्दाहरूको लगत ४१ हजार २३८ भएकामा १५ हजार ५५२ (३७.६४ प्रतिशत) फर्स्योट भएको थियो । यस आवमा कूल मुद्दाको लगत ४० हजार ७४० मध्ये १६ हजार ६०१ (४०.७५ प्रतिशत) फर्स्योट भई २४ हजार १३९ मुद्दा फर्स्योट हुन बाँकी छ ।


## युएइमा रोजगार
कम्पनी : ANANDA ELECTROMECHANICAL WORKS LLC
पूर्व स्वीकृति मिति : २०८२/०३/२९ | LT. No. 324660 | चलानी नं. ६०२४१०३६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Mechanic | 2 | 0 | 1200 | ४५,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेसियामा रोजगार
कम्पनी : CHECKERS HYPERMARKET SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 327153 | चलानी नं. ६०२४१०५७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 80 | 0 | 1700 | ५४,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CHECKERS HYPERMARKET SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 327152 | चलानी नं. ६०२४१०५६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 40 | 0 | 1700 | ५४,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MERIDIAN OVERSEAS PVT. LTD. श्रम इजाजत नं. ६१३/०६२/०६३
Dhumbarahi, Kathmandu, Nepal. Tel. : +977-1-014547371/72, 9851054401, +9779813446458

## युएइमा रोजगार
कम्पनी : IMDAAD LLC
पूर्व स्वीकृति मिति : २०८०/१०/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 298449 | चलानी नं. ६०२१३३८६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/General Labourer | 8 | 0 | 1200 | ४५,१४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CLEANER/JANITRESS | 50 | 0 | 1200 | ४५,१४३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ८ गते (24th july 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

## युएइमा रोजगार
कम्पनी : RESOURCES FOR EMPLOYMENT
पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 327090 | चलानी नं. ६०२४१०७६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 15 | 0 | 1300 | ४८,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 50 | 0 | 1100 | ४१,१७० | | | | | | | |
| 3 | Mason/Tile Worker | 20 | 0 | 1300 | ४८,६५५ | | | | | | | |
| 4 | Steal Fixer | 15 | 0 | 1300 | ४८,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ८ र ९ गते (24 & 25 July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP Govt. License No. 1245/073/74
Raj Group Of Company Pvt.Ltd.
Basundhara-3, Kathmandu, Nepal

## युएइमा रोजगार
कम्पनी : CDS FUTURE BUILDING CONTRACTING L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 327191 | चलानी नं. ६०२४१०७४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Painter (Wall Painter) | 6 | 0 | 1200 | ४५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpnter | 12 | 0 | 1200 | ४५,१३५ | | | | | | | |
| 3 | Steal Fixer | 8 | 0 | 1200 | ४५,१३५ | | | | | | | |
| 4 | Tile Layer | 5 | 0 | 1200 | ४५,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Skills International Human Resource Pvt.ltd. श्रम इजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## साइप्रसमा रोजगार
कम्पनी : RM CY EMPLOYMENT
पूर्व स्वीकृति मिति : २०८१/०९/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 316686 | चलानी नं. ६०२३१०२०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 25 | 400 | ६४,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN) Govt. License No. 1440/740/75
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com

## युएइमा रोजगार
कम्पनी : FAST BLDG. CONT. CO. LLC.
पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 315295 | चलानी नं. ६०२२९५८५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AC Technicians | 10 | 0 | 1400 | ५१,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 24 | 0 | 1200 | ४४,३३५ | | | | | | | |
| 3 | Labour | 21 | 0 | 900 | ३३,२५० | | | | | | | |
| 4 | Masion | 25 | 0 | 1200 | ४४,३३५ | | | | | | | |
| 5 | Suttering Carpenter | 24 | 0 | 1200 | ४४,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD. Govt. License 886/067/068
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com

## जापानमा रोजगार
कम्पनी : TMJ COOPERATIVE
पूर्व स्वीकृति मिति : २०८२/०३/२९ | LT. No. 326962 | चलानी नं. ६०२४१०५३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION EQUIPMENT | 1 | 0 | 180000 | १६७,०९० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : TMJ COOPERATIVE
पूर्व स्वीकृति मिति : २०८२/०३/२९ | LT. No. 326961 | चलानी नं. ६०२४१०५४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | IRON WORK | 3 | 0 | 193208 | १७९,३४० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ८०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ८०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARANIKO OVERSEAS PVT. LTD. श्रम इजाजत नं. 267/058/059
Kupondole, Kandevthasthan, Lalitpur, Nepal, Tel: +977 5010657/5010658, Mob: +977-9709080607/ +977-9709073655/ +977-9709080637/ +977-9709080617/ +977-9851110257, Email: overseasaraniko@gmail.com, Web: aranikooverseas.com


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०४/०१**

यस कम्पनीको मिति २०८२।०२।१९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी Hotel Shankar Pvt.Ltd. (प्रा.लि. नं. ४७०९१) को नामबाट सृजना भएको एवं उक्त नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु/व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने/व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०३।१२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी Hotel Shanker Pvt.Ltd. कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## बहराइनमा रोजगार
कम्पनी : CAPITAL FACILITIES MANAGEMENT W.L.L.
पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 327167 | चलानी नं. ६०२४१०७०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 25 | 100 | ३६,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 3 | 200 | ७२,९३५ | | | | | | | |
| 3 | Security Guard | 7 | 0 | 120 | ४३,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd. श्रम इजाजत नं. ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com


## भगवती सामुदायीक वन उपभोक्ता समुहरौतामाई गाउपालिका ४ उदयपुरको काठ लिलाम विक्रि सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८२/०४/०१

यस सामुदायिकवन बाट आर्थिक बर्ष २०८१/०८२ मा संकलन गरी घाटगद्दि गरेका लट नम्बर १ को साल थान १६६ को १५७.३६ क्युफिट, असना थान ४२ को ४०.८० क्युफिट साल (स्ट्रीप) थान १४ को १३० केजी जे जो अवस्थामा छ, सोहीअवस्थामाआफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ ।


## कुवेतमा रोजगार
कम्पनी : AL TAKIA RESTAURANT
पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 327160 | चलानी नं. ६०२४१०४८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOK | 2 | 0 | 150 | ६७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD. श्रम इजाजत नं. ०९५/०५३/०५४
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806


# अजिरकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### भच्चेक, गोरखा

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०४/०१)**

यस अजिरकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मातहतका कार्यालयहरुमा देहाय अनुसारको पदमा सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि -२०८०, बमोजिम खुल्ला प्रतिस्पर्धाबाट सेवा करारको माध्यमबाट पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण सहित अजिरकोट गााउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा राजश्व बुझाएको रसिद सहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय**

१. माग गरिएका पदहरु

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक न्यूनतम योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/२०८२-०८३ | अ.हे.ब | सहायकस्तर चौथो | २ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा अ.हे.बे वा सि.एम.ए. कोर्ष उत्तिर्ण गरेको, नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको | संघीय स्रोत तर्फ |
| २ | २/२०८२-०८३ | अ.हे.ब | सहायकस्तर चौथो | १ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा अ.हे.बे वा सि.एम.ए. कोर्ष उत्तिर्ण गरेको, नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको | आन्तिरिक श्रोततर्फ (प्रसुति विदाको लागि) |

२. दरखास्त दिने स्थान (सबै पदको लागि) : अजिरकोट गाउँ कार्यपालिकाको कार्यालय, भच्चेक, गोरखा ।
३. दरखास्त दिने अन्तिम मिति (सबै पदको लागि) : २०८२/०४/१५ गते कार्यालय समयसम्म ।
४. आवेदन दस्तुर :- पाँचौ तह :- रू ५००/-(रू. पाँच सय मात्र),
५. छनौटको किसिम : सबै पदको लागि – प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता ।
६. आवेदनमा संलग्न कागजातहरु (सबै पदको लागि) : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरु
   क. नागरिकता
   ख. न्यूनतम् योग्यताको लब्धाङ्क प्रमाणपत्र
   ग. चारित्रिक प्रमाणपत्र
   घ. काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
   ङ. ३ प्रति पासपोर्ट साइजको फोटो
९. सेवा सुविधा तथा अन्य : नेपाल सरकारलेतोकेको सेवा सुविधा सरह र गाउँपालिकाको समझौता बमोजिम
१०. आवेदनको ढाँचा तथा अन्य जानकारी स् अजिरकोट गाउँपालिकाको वेवसाइट www.ajirkotmun.gov.np र अजिरकोट गााउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
११. परिक्षा मितिः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन सँगै तोकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## बलियो सरकारको उपलब्धिविहीन एक वर्ष

सुशासन र संविधान संशोधन मूल मुद्दा लिएर बनेको दुईतिहाइको सरकारले वर्ष दिन पुग्यो । नेपाली कांग्रेस र नेकपा एमालेजस्तो शक्तिशाली दल मिलेर बनेको सरकार । कमजोर प्रतिपक्षी । यस्तो अवस्थामा केपी शर्मा ओली नेतृत्वको सरकारले युवाहरूप्रति आशा जगाउनुपर्ने थियो । ठीक उल्टो निराशा र बदनामबाहेक यो सरकारले अरु काम खासै गरेको देखिएन । गत असार मसान्तमा यो सरकार बनेको केही समयमै असोजमा बाढीपहिरोले बितण्डा मच्चायो । काभ्रे र ललितपुरमा बाढीपहिरोले गरेको असरमा जनताले सरकारको साथ पाएनन् ।

नेपाल विद्युत् प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुलमान घिसिङलाई पटक-पटक स्पष्टीकरण सोधेर बर्खास्त गर्नु यो सरकारको प्रमुख काम बन्यो । अहिले जनता लोडसेडिङ हुन्छ कि भन्ने आतंकमा छन् । नियुक्तिहरूमा पनि यो सरकारले बदनामी नै कमायो । नेपाल बिमा प्राधिकरणमा योग्यता नै नपुग्ने शरद् ओझालाई अध्यक्ष नियुक्त गरेर चार महिनामै निलम्बन गर्नुपर्‍यो । गभर्नरमा कांग्रेस नेता डा. विश्व पौडेललाई नियुक्त गर्‍यो । गभर्नर पौडेल दलको नेता भएर पनि गठबन्धनको सरकारले जबरजस्ती उनलाई नै राष्ट्र बैंकको बागडोर सुम्पिदियो ।

सरकार भिजिट भिसा प्रकरणमा उत्तिकै विवादित बन्यो । गृहमन्त्री रमेश लेखक यो प्रकरणमा संलग्न भएको भनिए पनि उनी राजीनामा नदिई सरकारमै छन् । उनकै निर्देशनमा भिजिट भिसा प्रकरणमा रकम असुली प्रकरणमा संलग्न अधिकृत सामान्य सोधपुछपछि अख्तियारले छाडिदियो । बजेटमा मनपरिले व्यवस्थामाथि आक्रोश बढायो । शक्तिशाली नेताहरूको क्षेत्रमा बजेट जानेमात्र हैन, उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले आफ्नो बुवा गणेशमानको नाममा करोडौं बजेट बाँडे । सरकार गठन भएबाटै प्रतिपक्षी दलका नेता पुष्पकमल दाहालले यो सरकार आफ्नै भारले ढल्ने दाबी गरिरहे । यता प्रधानमन्त्री केपी शर्मा ओलीले भने सरकार ढल्दैन भन्दै प्रतिवाद गरिरहे ।

वर्षान्तको समयमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता ७८ लाख 'घुस डिल' प्रकरणमा सरकारबाट बिदा भए । यता भूमिमन्त्री बलराम अधिकारीलाई पनि ३२ लाख घुस डिल प्रकरणमा दाग लागिसकेको छ । प्रधानमन्त्री ओली आफैं स्पेन प्रकरणमा मुछिएका छन् । यो १२ महिनामा सुशासन र संविधान मुद्दाका विषयमा केही काम नभए पनि कम्तीमा पनि सरकारले यस्ता खालका काण्ड मच्चाएका छन् । कहिले अध्यादेश त कहिले ५२ संवैधानिक आयोगका पदाधिकारीसम्बन्धी सर्वोच्च अदालतको आदेशले पनि गणतन्त्रलाई गिज्याइदिएको छ । यस्तैखाले क्रियाकलापले संघीयतामाथि प्रश्न उठ्न थालेको छ । संघीयताविरोधीले टाउको उठाउन थालिसकेको छ । सरकार छिटो सुध्र, नभए व्यवस्थाप्रतिको आक्रोश अझै बढ्ने छ । सरकार सञ्चालनको क्यालेण्डरभन्दा काम र जनविश्वास ठूलो विषय हो । त्यसैले सुशासन र संविधान संशोधनको विषयमा तत्काल ध्यान देऊ ।

श्रम सरोकार

## साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिट्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।


### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

### अनलाइन किनमेल वा वित्तीय कारोबार गर्दा सावधानी अपनाउने

आधिकारिक वेबसाइटहरू वा एप्सबाट मात्र बिलको रकम तिर्ने । आफ्नो डेबिट/क्रेडिट कार्डको विवरण वा अन्य संवेदनशील जानकारी अनधिकृत वा शंकास्पद वेबसाइटहरूमा नबाँड्ने ।

# विकासमा मानव विकास सूचकांकको महत्व



■ गम्भीरबहादुर हाडा

> आर्थिक विकासको मापन गर्ने महत्त्वपूर्ण सूचकको विकास अर्थशास्त्री मोरिस डी मोरिसले गरेका हुन् । अर्थशास्त्री हेगन र डी मोरिसको २३ वटा विकासोन्मुख तथा विकसित मुलुकहरूको तुलनात्मक अध्ययनबाट के कुरा निकालेका छन् भने 'फिजिकल क्वालिटी अफ लाइफ इण्डेक्स' बनाउनका लागि सिर्फ मानवीय सरदर आयु, शिशु मृत्युदर, साक्षरता दर नै पर्दछन् । आर्थिक विकासलाई कसरी वास्तविकरूपमा मापन गर्न सकिन्छ, कस्तो तरिका उपयुक्त हुन्छ भनी नयाँ-नयाँ तरिकाको अध्ययन-अनुसन्धान गर्ने सवालमा यो सूचकको प्रादूर्भाव भएको हो । यस परिसूचकले राष्ट्रिय आम्दानीको वितरण कसरी भइराखेको छ, शिक्षा, स्वास्थ्य, पोषण आदिमा राष्ट्रिय आम्दानीको प्रयोग भएको छ वा छैन त्यो हेरेर त्यसैको आधारमा आर्थिक विकासको मापन गर्दछ ।

विकासको प्रमुख उद्देश्य गरिबी निवारण र आधारभूत आवश्यकता परिपूर्ति गर्नु हो । यही कारण अर्थशास्त्री होलिस वेनरीले विकासका उद्देश्य वृद्धिलगायत पुनर्वितरण भन्ने सिद्धान्त प्रतिपादन गरे । पुनर्वितरणात्मक रणनीतिबाट आधारभूत आवश्यकता परिपूर्तिका उद्देश्यमा जोड दिन थालियो । यस विधिअनुसार आम्दानी बढाउनमात्र जोड नदिएर दीर्घकालीनरूपमा गरिबी घटाउनुपर्ने कुरामा जोड दिइयो । गरिबी घटाउने उपायहरू हुन्- स्वास्थ्यमा सुधार, पौष्टिक आहारमा नियमित पहुँच, बढी शिक्षा र उत्तम खर्च व्यहोर्न सकिने बासस्थान, आधारभूत आवश्यकतामा गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षा पर्न आउँछन् । यी आवश्यकता पूरा नभएमा जीवन कष्टकर हुन्छ । अतः विकासको उद्देश्य यी अभावले हुने दुःख कष्टबाट मानिसलाई मुक्ति दिलाउनु हो । विकासको अर्को उद्देश्य जनताको जीवनस्तरमा सुधार गर्नु हो । जनताका जीवनस्तर सुधार गर्नका लागि पहिले त आम्दानी बढाउनुपर्छ । शिक्षा, सामाजिक र सांस्कृतिक मूल्य मान्यताहरूमा सुधार हुनुपर्दछ ।

साधारणतया विकास भन्नाले एउटा यस्तो अवस्थामा पुग्नु वा परिणत हुनु हो जुन पहिलेको भन्दा उन्नत र समृद्ध हुन्छ । अझै गहिरिएर सोच्ने हो भने विकास भनेको त्यो हो जसले प्राकृतिक सन्तुलनमा ह्रास आउन नदिई मानवीय जीवनस्तरमा सुधार ल्याउँदै मानिसको आहार, व्यवहार, बसाइँ तथा दृष्टिकोणमा परिवर्तन ल्याउँछ । त्यसैले विकास भनेको भौतिकमात्र होइन, यो मानव समाजको बहुपक्षीय विकास हो ।

सन् १९९० पछि विकासको सूचकमा मानव विकास सूचकांकलाई महत्त्व दिन थालियो । उक्त सूचकांकले प्रोफेसर मोरिसद्वारा प्रयोग गरिएको विधिअनुशरण गरी आयु, ज्ञान तथा जीवनस्तर तीन चरणहरू गरी तिनीहरूलाई शून्य '0' देखि सर्वोत्कृष्ट एक '१' सम्मको परिधिभित्र राखी सरदर आधारमा न्यून, मध्यम र उच्च मानव विकासको निष्कर्ष निकालेको बुझिन आउँछ । मानव विकासको अवधारणा नितान्त नौलो विचार होइन । तर वैचारिकरूपले बढी सुसंगठित भएर मुलुकहरूले लागू गर्न सक्ने नीतिगत आह्वान र ढाँचासमेत बोकेर यो अवधारणा सन् १९९० देखि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रममार्फत विश्वसामु देखापर्न थाल्यो । यस अवधारणाले आर्थिक वृद्धि र आम्दानीको वृद्धिलाई विकासको वास्तविक सूचक मानेन । यस अवधारणाअनुसार उत्पादन, उत्पादकत्व, लगानी र व्यक्तिगत तथा पारिवारिक आम्दानीसमेत मानव विकासका सूचक नभएर साधनमात्र हुन् ।

### मानव विकास सूचकांक

मानव विकास सूचकांकमा १९३ देशमध्ये नेपालले १४५औं स्थान हासिल गरेको छ । संयुक्त राष्ट्र विकास कार्यक्रमले सार्वजनिक गरेको मानव विकास प्रतिवेदन २०२५ अनुसार शिक्षा, स्वास्थ्य र आम्दानी सूचकहरूमा नेपालको प्रगति मध्यम श्रेणीको छ । यसले नेपालको विकास गति मन्द र स्वाभाविक रहेको देखाउँछ । नेपालको सूचकांक मान ०.६२२ छ । गत वर्ष ०.६०१ थियो । सूचकांक मानमा एक अंकले पूर्णरूपमा मानव विकास भएको र शून्य अंकले अति कम विकास भएको अवस्थालाई जनाउँछ । यसअघि सन् २०२४ मा नेपाल १४६औं स्थानमा थियो । नेपाल दक्षिण एसियामा अफगानिस्तान (१८१) र पाकिस्तान (१६८) भन्दा माथि छ । त्यसबाहेक भुटान (१२५), भारत र बंगलादेश दुवै (१३०) भन्दा तल्लो स्थानमा रहेका छन् । श्रीलंका (८९) र माल्दिभ्स (९३) उच्च मानव विकास श्रेणीमा छन् । दक्षिण एसियामा नेपाल पाँचौं स्थानमा रहेको छ । पहिलो स्थानमा श्रीलंका छ । मानव विकास प्रतिवेदन कार्यालयका अनुसार यो १६ कात्तिक २०८१ (१ नोभेम्बर २०२४) सम्म प्राप्त भएको तथ्यांकमा आधारित प्रतिवेदन हो ।

मानव विकास प्रतिवेदनमा समग्र मानव विकासका तीनवटा आधारभूत आयामहरूको औसत उपलब्धि मापन गर्ने गरिन्छ । ती आयामहरूमा पहिलो आयु अर्थात् एउटा बच्चा कति लामो उमेरसम्म सरदर बाँच्छ भनेर हेरिन्छ । यसमा नेपालीको औसत आयु ७० वर्ष चार महिना रहेको छ । यो अघिल्लो वर्षको भन्दा न्यून हो । अघिल्लो वर्ष ७० वर्ष पाँच महिना थियो । दोस्रोमा शिक्षा (ज्ञान) रहेको छ । यसमा भर्ना भएदेखि विद्यालय शिक्षा पूरा गर्न एउटा बच्चाले बिताउनुपर्ने वर्षलाई लिइन्छ । नेपालमा विद्यालय शिक्षा पूरा गर्न १३ वर्ष आठ महिना लाग्ने अनुमान छ । अघिल्लो वर्ष १२ वर्ष छ महिना थियो । त्यस्तै, शिक्षामा नै वयष्कहरूले विद्यालय शिक्षामा बिताएको समयलाई पनि अर्को मापकको रूपमा राखिएको छ । यसमा नेपालीले विद्यालय शिक्षामा औसत बिताएको अवधि चार वर्ष पाँच महिना छ । अघिल्लो वर्ष पनि यही अवधि थियो ।

तेस्रो आयाम जीवनस्तर (आय) रहेको छ । यो भनेको देशको कूल जनसंख्याले कमाउने वार्षिक औसत कमाइ हो । यस्तो कमाइ प्रतिव्यक्ति चार हजार ७२६ अमेरिकी डलर पुगेको छ । अघिल्लो वर्ष चार हजार २६ अमेरिकी डलर थियो । पछिल्लो एक वर्षमा करिब ७०० अमेरिकी डलर प्रतिव्यक्ति आय वृद्धि भएको छ । यस्तो औसत आय अन्तर्राष्ट्रिय मापनका लागि क्रयशक्ति समानतामा रूपान्तरण गरी देशको मध्यवर्गीय जनसंख्याले भाग गरेर निकालिन्छ । यसलाई कूल राष्ट्रिय आय (जिएनआई) पनि भनिन्छ । यो देशभित्र (व्यक्ति र व्यवसायमार्फत) र देश बाहिरबाट प्राप्त भएको कूल आम्दानीमा देशबाहिर गएको आम्दानी घटाएपछिको बाँकी रहेको कूल आय हो ।

प्रतिवेदनले नेपालका सबैभन्दा धनी एक प्रतिशत मानिससँग कूल आयको १३.७ प्रतिशत सम्पत्ति रहेको देखाएको छ । त्यस्तै, सबैभन्दा धनी १० प्रतिशतसँग २४.२ प्रतिशत सम्पत्ति रहेको छ । सबैभन्दा गरिब ४० प्रतिशत मानिससँग भने २१.८ प्रतिशत सम्पत्ति रहेको छ । प्रतिवेदनले पछिल्लो ३३ वर्षमा नेपालको मानव विकास सूचकांक वृद्धिदर वार्षिक १.३२ प्रतिशत रहेको देखाउँछ । यो सन् १९९० देखि २०२३ सम्मको वृद्धिदर हो । पछिल्लो १३ वर्ष (सन् २०१० देखि २०२३) सम्मको वृद्धिदर सबैभन्दा न्यून ०.९४ प्रतिशत रहेको छ । मानव विकास सूचकांक (एचडिआई) मा यस वर्ष नेपालको एक स्थान सुधार भएको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)ले सार्वजनिक गरेको मानव विकास सूचकांक प्रतिवेदन २०२५ ले नेपाल १४५औं स्थानमा परेको देखाएको हो ।

विश्वका १९३ देशमध्ये गत वर्ष नेपाल १४६औं स्थानमा रहेकामा यस वर्ष केही सुधार भएर एक स्थान माथि उक्लिएको हो । सन् २०२२ मा नेपाल १५०औं स्थानमा थियो । सन् २०२५ मा एचडिआईमा नेपालले ०.६२२ अंक (स्कोर) प्राप्त गरेको छ । सन् २०२४ मा नेपालले प्राप्त गरेको ०.६०५ अंक प्राप्त गरेको थियो । उक्त अवधिमा नेपालीको औसत आयु ७०.४ वर्ष छ । २०२५ को मानव विकास प्रतिवेदनले पछिल्लो ३५ वर्षयता नेपालको मानव विकास सूचकांकमा सुधार आएको देखाएको हो । सो अवधिमा गरिबी घट्दै गएको देखिए पनि धनी र गरिबबीचको अन्तर झनै फराकिलो बन्दै गएको प्रतिवेदनले औंल्याएको छ । न्यून प्रतिव्यक्ति आय, लैंगिक तथा भौतिक असमानतालगायत कारण मानव विकास सूचकांकमा नेपालले अपेक्षाकृत सुधार गर्न नसकेको प्रतिवेदनले देखाएको छ ।

सन् २०२५ को मानव विकास प्रतिवेदन 'अ म्याटर अफ च्वाइसः पिपल एण्ड पसिबिलिटिज इन द एज अफ आर्टिफिसियल इण्टेलिजेन्स (एआई)' विषयमा केन्द्रित छ । प्रतिवेदनले कोभिड-१९ महामारीबाट प्रभावित विश्वव्यापी मानव विकास प्रगतिमा अझै गति सुस्त भएको चेतावनी दिएको छ । एआईको प्रयोगबाट मानव विकासलाई थप सशक्त बनाउन, समावेशितालाई प्रवर्द्धन गर्न र न्यायपूर्ण समाज स्थापनाका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना पनि देखाएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सूचना प्रविधि (आइटी) क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको बताएको छ । यसअन्तर्गत एआई, डेटा सेण्टर स्थापना, डिजिटल अर्थतन्त्रलगायत क्षेत्रले प्राथमिकता पाएको बताइएको छ ।

प्रतिवेदनमा कोभिड महामारीपछि गतिरोध आएको विश्लेषण गरिएको छ । युवाका लागि मर्यादित रोजगारी, स्थानीय र सामाजिक असमानता, आर्थिक वृद्धिका साथै संस्थाहरूमाथिको विश्वाससँग सो गतिरोध सम्बन्धित रहेको युएनडिपीले उल्लेख गरेको छ । तीनै तहका सरकारबीच मात्र नभई निजी क्षेत्र, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय र आमजनतासँग पनि सहकार्य गर्नु अपरिहार्य रहेको प्रतिवेदनले औंल्याएको छ । संघीय सरकारले पारदर्शिता, जवाफदेहिता र निष्ठामा बढी ध्यान दिनुपर्छ । प्रादेशिक र स्थानीय सरकारहरूले योजना र सेवा प्रवाह बढाउँदै नागरिक समाजको आशा र विश्वास पुनर्जीवित गर्न जनताको सहभागिता र आवाजलाई अझ प्रवर्द्धन गर्न सकिने प्रतिवेदनले औंल्याएको छ । जलवायु परिवर्तन, प्रविधिकरण, गरिबी र असमानताको क्षेत्रमा सामूहिकरूपमा काम गर्न नसक्नुले मानव विकासमा बाधा पुगेको प्रतिवेदनको निष्कर्ष छ । राजनीतिक ध्रुवीकरणले विश्वभरका मानिस र संस्थामाथिको आस्था झन् कमजोर हुने खतरा रहेकोसमेत औंल्याइएको छ ।

सन् २०३० सम्ममा अत्यन्तै उच्च मानव विकासको लक्ष्यतर्फ अग्रसर भए पनि अहिलेको सुस्त गतिले विश्वव्यापी प्रगतिमा चुनौती सिर्जना गरिरहेको युएनडिपीका प्रशासकले बताएका छन् । 'सन् २०२४ को यो सुस्त प्रगति यथावत् रहे सन् २०३० को लक्ष्य पूरा गर्न दशकौं लाग्ने छ । यसले विश्वलाई थप असुरक्षित, विभाजित र आर्थिक तथा पारिस्थितिकीय संकटप्रति संवेदनशील बनाउने छ । मानव विकासलाई अघि बढाउन नयाँ उपाय खोजिनुपर्ने र त्यसमा एआई समावेश हुन सक्ने छ । एआईको तीव्र विकासबीच मानवको सहायताबेगर नै चल्ने आर्टिफिसियल जनरल इण्टेलिजेन्स (एजिआई) का जोखिमबारे पनि आशंका उब्जिएका छन् । प्रतिवेदनले मानव केन्द्रित दृष्टिकोणबाट एआईको विकास गरिनुपर्नेमा जोड दिएको छ । एआईलाई सबैको पहुँचमा पुर्‍याउन विद्युत् र इण्टरनेटको सुनिश्चितता महत्त्वपूर्ण रहेको र एआईका विषयमा सरकारहरूले स्पष्ट नीति र दिगोपनमा ध्यान दिनु आवश्यक रहेको प्रतिवेदनले औंल्याएको छ ।

### मानव विकास मापदण्डको सम्बन्धमा निम्नलिखित कुरालाई महत्वपूर्ण मानिएको छः

**जीवन प्रत्याशा**

जीवन प्रत्याशा वा लामो उमेरले स्वास्थ्यका विभिन्न क्षेत्रहरू, जस्तैः नाबालक तथा बाल मृत्यु पौष्टिक आहारमा भएका प्रगति आदिलाई प्रतिविम्बित गर्दछ । जीवन प्रत्याशा मानिएको सबैभन्दा बढी इच्छित उद्देश्य हो । मानव साधनको अवस्थामा जतिजति सुधार आउँछ त्यति नै मानिसको सम्भावित आयु र जीवनप्रतिको लगाव पनि बढ्दै जान्छ । यसबाहेक भौतिक वस्तु तथा सेवाको उपलब्धता, स्वास्थ्य सुविधाको अवस्था र पौष्टिक आहारको उपलब्धता आदिलाई समेत देखाउने गर्छ । कुनै देशको शिशु मृत्युदर पनि बढी या त्यस स्थानका जनता पनि कम आयुमा नै मर्ने गरेको छ भने त्यस स्थानमा जनताको जीवन प्रत्याशा पनि कम रहेको पाइन्छ ।

**जीवनको भौतिक गुण सूचक**

आर्थिक विकासको मापन गर्ने महत्त्वपूर्ण सूचकको विकास अर्थशास्त्री मोरिस डी मोरिसले गरेका हुन् । अर्थशास्त्री हेगन र डी मोरिसको २३ वटा विकासोन्मुख तथा विकसित मुलुकहरूको तुलनात्मक अध्ययनबाट के कुरा निकालेका छन् भने 'फिजिकल क्वालिटी अफ लाइफ इण्डेक्स' बनाउनका लागि सिर्फ मानवीय सरदर आयु, शिशु मृत्युदर, साक्षरता दर नै पर्दछन् । आर्थिक विकासलाई कसरी वास्तविकरूपमा मापन गर्न सकिन्छ, कस्तो तरिका उपयुक्त हुन्छ भनी नयाँ-नयाँ तरिकाको अध्ययन-अनुसन्धान गर्ने सवालमा यो सूचकको प्रादूर्भाव भएको हो । यस परिसूचकले राष्ट्रिय आम्दानीको वितरण कसरी भइराखेको छ, शिक्षा, स्वास्थ्य, पोषण आदिमा राष्ट्रिय आम्दानीको प्रयोग भएको छ वा छैन त्यो हेरेर त्यसैको आधारमा आर्थिक विकासको मापन गर्दछ । मानिसको स्वास्थ्य स्थिति, औसत आयु र साक्षरताको प्रतिशत हेरेर आर्थिक विकासको मापन गरिन्छ ।

**शिक्षा**

शिक्षा एउटा यस्तो प्रक्रिया हो जसद्वारा व्यक्ति जटिल सामाजिक स्वरूप वा संरचनासँग समायोजन हुन सक्दछ । शिक्षाको माध्यमबाट नै व्यक्तिले एकभन्दा बढी संस्थागत समूहमा रहेर आफ्नो दायित्व निर्वाह गर्न सक्दछ । हरेक समाजलाई नेतृत्व प्रदान गर्ने, समाजका बालबालिकालाई शिक्षित बनाउन अर्थात् समाजका नवगत सन्तानलाई विविध सामाजिक संस्थाहरूमा सक्रियतापूर्वक सहभागिता लिनसक्ने तुल्याउन शिक्षा वा शैक्षिक संस्थाको आवश्यकता पर्दछ । शिक्षाले एकातिर सामाजिक स्वरूपलाई संरक्षण प्रदान गरिरहेको हुन्छ भने अर्कोतिर सामाजिक स्वरूपमा नवीकरण गर्दछ । आजको शिक्षा प्रणालीले विभिन्न चुनौतीहरू सामना गर्नु परिरहेको छ । राम्रो स्वास्थ्य भएमा उत्पादकत्व र आम्दानी बढाउँछ भने ज्ञान वा जानकारी प्रदान गर्न शिक्षाले विशेष सहयोग पुर्‍याउँछ । यसको साथसाथै शिक्षाले अर्थव्यवस्थाको सबै क्षेत्रमा पुँजी, प्रविधि सेवा तथा प्रशासनको व्यवस्थापन गर्न विभिन्न तहको दक्ष जनशक्ति तयार गर्ने र प्रशिक्षित गर्ने कार्य गर्दछ ।

**स्वास्थ्य**

स्वास्थ्य शब्द एंग्लो-स्याक्सनबाट उत्पत्ति भएको हो, जसको अर्थ 'सेफ' वा 'साउण्ड' हुन्छ । यसले सुरक्षित र स्वस्थ अवस्थालाई जनाउँदछ । स्वास्थ्य भन्ने शब्द मानिस जन्मेदेखि नमरुन्जेल जीवनको हरेक पक्षसँग सम्बन्धित छ । स्वास्थ्यका खराब र असल दुवैपक्ष हुन्छन् । असल पक्ष भन्नाले व्यक्ति शारीरिक रूपले तन्दुरुस्त, मानसिकरूपले सचेत, कुनै प्रकारको रोग नलागेको, स्वस्थ रहनका लागि वैज्ञानिक स्वस्थ आचरण अपनाउनुलाई जनाउँदछ । मानिसको जीवनमा प्राप्त हुने सम्पूर्ण उपलब्धिहरूको प्रमुख स्रोत नै असल स्वास्थ्य हो । असल स्वास्थ्यले नै व्यक्तिको सुन्दर भविष्यको निर्माण गर्न सक्दछ । विश्व स्वास्थ्य संगठनको नारा 'हेल्थ इज वेल्थ'ले पनि प्रस्ट गर्दछ- मानिसको सबैभन्दा बहुमूल्य सम्पत्ति नै स्वास्थ्य हो ।



**बागमती ड्याम** | सर्लाहीको बागमती नगरपालिका–११ कर्मैया र रौतहटको चन्द्रपुर नगरपालिका–१ मा पर्ने बागमती ड्याम । यस ड्यामबाट निकालिएको नहरबाट दुवै जिल्लामा सिँचाइ हुँदै आएको छ । *तस्बिरः विश्वनाथ ठाकुर/रासस*

# स्याफ्रुबेँसी–रसुवा सडकखण्ड खुलाउने प्रयास तीव्र

■ ज्ञानेन्द्र न्यौपाने

**रसुवा–** स्याफ्रुबेँसी-रसुवागढी खण्डको बिग्रेको राजमार्गको करिब ९० प्रतिशत मर्मत काम सम्पन्न भएको छ । बाढीले स्याफ्रुबेँसीदेखि रसुवागढीतर्फ करिब १४ किलोमिटर सडकमार्गको अधिकांश भाग प्रभावित भएपछि सडक विभागसहित सम्बद्ध अन्य निकायसमेतको सहयोग र सहकार्यमा सडक मर्मतको कामले तीव्रता पाएसँगै काम अन्तिम चरणमा पुगेको हो ।

तिब्बततर्फबाट बग्ने ल्हेन्दे खोलामा यही असार २४ गते आएको बाढीका कारण बिग्रेको सो सडकखण्डको मर्मतको काम करिब अन्तिम चरणमा पुगेको सो राजमार्ग सडक सुधार आयोजना प्रमुख खड्गलाल श्रेष्ठले जानकारी दिए । गल्छी-त्रिशूली-रसुवागढी सडक सुधार आयोजना, स्थानीयस्तरमा सञ्चालित केही जलविद्युत् आयोजना र स्थानीय तहसमेतको सहयोग र सहकार्यमा राजमार्ग खुलाउने काम तीव्र गतिमा भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी ध्रुवप्रसाद अधिकारीले जानकारी दिए ।

सहायक प्रमुख जिल्ला अधिकारीका अनुसार 'लिलिङ' भीरबाहेक अन्य स्थानमा सडकको अवरोध हटाउने काम सम्पन्न भएको, विपद् व्यवस्थापनअन्तर्गत अहिले सडक खुलाउने काम करिब ९० प्रतिशत पूरा भएको, लिलिङको 'ट्र्याक' खुलाउने प्रयास भइरहेको र यथाशक्य चाँडो सडक सञ्चालन गरी भयभीत जनजीवनलाई सामान्य अवस्थामा फर्काउन अहिले यहाँ सबै एकजुट भएको अवस्था छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले बाढीग्रस्त क्षेत्रको स्थलगत अवलोकनका क्रममा यथाशक्य चाँडो राजमार्ग खुलाउन निर्देशन दिएसँगै स्थानीय प्रशासन, सुरक्षा निकाय, सडक सुधार आयोजना तथा स्थानीय तह समेतको सहयोग र सहकार्यमा तीव्र गतिमा काम भइरहेको स्थानीय नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङले बताए । उनले भने, 'अकल्पनीय बाढीका कारण जनजीवन त्राहीमाम भइरहेको अवस्थामा यति छिटो राजमार्ग खुल्ला भन्ने कल्पनासमेत गरेका थिएनौं ।'

सडक मर्मतको काम द्रुतगतिमा अघि बढ्दा राहतको महसुस भएको उनले बताए । 'रसुवागढीस्थित टिमुरे क्षेत्रमा खाद्यान्न तथा तरकारी र औषधिको आपूति सहज भई जनताले राहत पाउने भए । अब बिरामी परिहाले पनि आत्तिनुपर्ने अवस्था छैन,' उनले भने ।

बाढीका कारण अवरुद्ध भएको विद्युत् तथा टेलिफोन सेवा सञ्चालन भएको, सो राजमार्गअन्तर्गत विभिन्न ठाउँमा चुँडिएका तार जोडने काम भइरहेको र शान्ति सुरक्षालाई प्राथमिकता दिएको रसुवाका प्रहरी प्रमुख हेमबहादुर शाहीले जानकारी दिए । सहायक प्रमुख जिल्ला अधिकारीका अनुसार रसुवागढीस्थित मितेरी पुलपारि चिनियाँ भूभागमा 'पार्किङ' गरी राखेको ३० वटा नेपाली कण्टेनर बाढीका कारण डुबानमा परेकामा २६ वटालाई निकालेको र बाँकी चारवटा कण्टेनरलाई पनि निकाल्न चिनियाँपक्षबाट काम भइरहेको छ ।

टिमुरेस्थित भन्सार 'यार्ड'मा राति बाढी पस्दा ४० वटा मालवाहक डिब्बा बगाएको जानकारी दिँदै स्थानीय व्यवसायी वाङछिरिङ तामाङले क्षतिको यथार्थ विवरण लिई बाढीपीडित व्यवसायीलाई राहतको व्यवस्था गर्न सरकारसँग अनुरोध गरे । असहज परिस्थितिका बाबजुद करिब ९० प्रतिशत सडक मर्मतको काम यति छिट्टै पूरा गरेकामा सरकारलाई धन्यवाद दिँदै बाढीपीडित रहेका तामाङले अभिभावकका हैसियतले राज्यबाट आवश्यक साथ सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे । *रासस*

# स्वास्थ्य बिमाको नयाँ व्यवस्थाले भरतपुरवासीलाई असहज

**चितवन (प्रस)–** यहाँको भरतपुर अस्पतालमा स्वास्थ्य बिमाका दैनिक एक हजार ५०० हाराहारी बिरामी प्रथम बिन्दुबाट आउने गर्दछन् । तीमध्ये ५०० हाराहारी दीर्घरोगका बिरामी औषधि लिन आउँछन् ।

स्वास्थ्य बिमा बोर्डले भरतपुर अस्पताललाई प्रथम सेवा बिन्दुबाट साउन १ गतेबाट हटाउने भएपछि भरतपुरको सहरी क्षेत्रका नागरिक प्रत्यक्ष प्रभावित हुने भएका छन् । भरतपुरको प्रथम सेवा बिन्दु शिवनगर प्राथमिक स्वास्थ्य केन्द्र तोकिएको छ । भरतपुरको चौबीसकोठीबाट १४ किलोमिटर टाढा रहेको केन्द्र पुग्नका महानगरका अन्य वडाबाट झन टाढाको दूरी पर्न आउँछ ।

भरतपुर आउनका लागि सार्वजनिक यातायात सहज भए पनि शिवनगर जान कतिपय ठाउँबाट भरतपुर आएर पुनः गाडी परिवर्तन गरी पुग्नुपर्ने बाध्यता छ । बोर्डले प्रथम सेवा बिन्दु भरतपुर अस्पताल हटाएसँगै नागरिकले चिन्ता व्यक्त गरेका छन् । भरतपुर अस्पतालको स्वास्थ्य बिमा इन्चार्ज लिलाधर पौडेलका अनुसार दैनिक एक हजार ५०० हाराहारी बिमाका नयाँ बिरामी अस्पताल आउने गर्दछन् । अस्पतालमा आउने कूल बिरामीको ७० देखि ७५ प्रतिशत बिमाका हुने गर्दछन् । अन्यत्रबाट रिफर भएर आउनेहरू १०० हाराहारी छन् ।

भरतपुर अस्पतालमा मधुमेह, मुटु, उच्च रक्तचाप जस्ता दीर्घरोगका नियमित औषधि सेवन गर्नेहरू ५०० हाराहारी आउँछन् । ती अधिकांश भरतपुरको मुख्य सहरी क्षेत्रका ज्येष्ठ नागरिक हुन् । भरतपुर अस्पतालमा चितवन जिल्लाका अतिरिक्त छिमेकी जिल्लाका नागरिक प्रथम बिन्दुका रूपमा राखेका छन् । नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ, गोरखा, धादिङ, मकवानपुरलगायतका जिल्लाका विभिन्न पालिकाका नागरिकले भरतपुर अस्पताललाई बिमाको पहिलो बिन्दु बनाएको पौडेलले बताए । सेवाको पहिलो बिन्दु हटेसँगै सेवा पाइरहेका प्रभावित हुने पौडेलको भनाइ छ । भरतपुर अस्पताल स्वास्थ्य बिमा बोर्डमा सेवा दिने देशभरकै उत्कृष्ट अस्पताल हो । यहाँ बिमाका बिरामीलाई लक्षित गरी विभिन्न काउण्टर बिहान सबेरैदेखि सञ्चालन गरी सेवा दिँदै आएको छ ।

भरतपुर आँखा अस्पताल पनि प्रथम सेवा बिन्दुबाट हट्ने भएको छ । यससँगै आँखाको उपचार गर्न आउने बिरामीहरू प्रभावित हुने भएका छन् । जिल्लाका विभिन्न अस्पतालमा प्रथम सेवा बिन्दु भएका बिरामीले आँखा अस्पतालमा रिफरल नलगिकन प्रथम सेवा बिन्दुको हैसियतमा सेवा दिँदै आएको छ । अस्पतालका व्यवस्थापक दयाशंकर चौधरीका अनुसार दैनिक ४०० बिरामी बिमामार्फत उपचार गर्न यहाँ आउने गर्दछन् । बाहिरी जिल्लाबाट रिफरल भएर आउने बिरामीको संख्या न्यून छ ।

बोर्डले भरतपुरका लागि तोकेको शिवनगर प्राथमिक स्वास्थ्य केन्द्रमा आवश्यक जनशक्ति र पूर्वाधार छैन । कार्यालयका प्रमुख भविश्वर अधिकारी भरतपुर अस्पतालमा आउने बिरामी शिवनगर आउने हो भने व्यवस्थापन गर्न नसकिने बताउँछन् । उनका अनुसार अहिले केन्द्रमा दैनिक २५० देखि ३०० सम्म बिरामी आउने गर्दछन् । केन्द्रमा हाल दुई जना मेडिकल अधिकृतले सेवा दिँदै आएका छन् । साउन १ गतेदेखि थप दुई जनालाई नियुक्ति दिने तयारी गरिएको उनले बताए ।

अधिकारीले भने, 'अहिले आइरहेका बिरामीलाई नै व्यवस्थापन गर्न नसकेर थप दुई जना मेडिकल अधिकृत नियुक्त गर्न लागिएको छ, बिरामी थपिए सेवा दिन कठिन छ ।' प्रथम सेवा बिन्दुमा आएका बिरामी यहाँको सेवा दिएर मात्रै थप सेवा चाहिने भएमा मात्रै रिफर गर्नुपर्ने हुन्छ । त्यसका लागि आवश्यक जनशक्ति र पूर्वाधार नहुने भएकाले बिमाका सेवाग्राही प्रभावित हुने देखिएको छ ।

भरतपुरमा ठूला अस्पताल भएकाले स्थानीय तहहरूमा बिरामीको चाप कम हुँदा अस्पतालको जनशक्ति र पूर्वाधार त्यति मजबुत छैन । प्रथम सेवा बिन्दुका लागि छिमेकी पालिकाहरूमा रहेका अस्पतालमा जान सक्ने भए पनि व्यावहारिक र सुविधाजनक नहुने सेवाग्राहीको गुनासो छ ।

# भारतको गुजरातबाट पाँच नेपाली मजदुरको उद्धार

**सप्तरी (प्रस)–** कामको सिलसिलामा भारतको गुजरात पुगी असहज परिस्थिति झेलिरहेका पाँच नेपाली मजदुरको सकुसल उद्धार गरिएको छ । भारत गुजरातको जोहरापुरा गाउँस्थित रामदेव कोल्डस्टोरमा काम गर्ने सप्तरी जिल्ला तिरहुत गाउँपालिका र हनुमाननगर कंकाल्नी नगरपालिकाका पाँच जना मजदुरको उद्धार गरी उनीहरूलाई परिवारसमक्ष जिम्मा लगाइएको हो ।

तिरहुत गाउँपालिकाका अध्यक्ष विजय यादवका अनुसार काम लगाउने ठेकेदारले कुटपिटसहित मानसिक तथा शारीरिक यातना दिने गरेको र सम्झौताअनुसारको पारिश्रमिक दिनुको सट्टा कार्यक्षेत्रमा डर धम्की देखाई श्रम शोषणमा परेका तिरहुतका-४ का ६० वर्षीय सकलदेव सदा र हनुमाननगर कंकालिनी-८ का २८ वर्षीय चन्दन खंग एवं शैलेन्द्र सदासहित पाँच जनालाई सकुशल उद्धार गरिएको हो ।

अध्यक्ष यादवले पीडित मजदुरहरूको उद्धार गरी नेपालसम्म ल्याउने काममा सञ्चारकर्मीसमेत रहेका साइबर सुरक्षा विश्लेषक कुमार अभिनवको सक्रियता तथा नेपाल राष्ट्रिय मुसहर संघको सहयोग र समन्वयमा उनहरूलाई उद्धार गरिएको स्पष्ट गरे । नेपाल राष्ट्रिय मुसहर संघ सप्तरीका अध्यक्ष शिवदेव सदाले गुजरातस्थित जोहरापुराका स्थानीय अधिकारी र सप्तरी तिरहुत गाउँपालिकाका अध्यक्ष यादवको विशेष सहयोग र समन्वयसहित सञ्चारकर्मी एवं इञ्जिनियर अभिनवको सक्रियतामा पाँच नेपाली मजदुरलाई नेपाल ल्याउन सफल भएको बताए ।


**कतारमा रोजगार** कम्पनी : PASTEL FLOWERS & CHOCOLATE

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 327202 | चलानी नं. ६०२४१०७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Messanger | 1 | 0 | 1600 | ६०,२३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PLNT CAFE

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 327203 | चलानी नं. ६०२४१०८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffe Maker | 6 | 0 | 1600 | ६०,२३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sandiya Human Resources Pvt. Ltd.
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com
श्रम ईजाजत नं. १०९७/०७३/०७४



**जापानमा रोजगार** कम्पनी : JMS KYODO KUMIAI

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 327158 | चलानी नं. ६०२४१०४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 3 | 0 | 165000 | १५३,१५५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AAKRITI Recruiting Pvt. Ltd. A Global Recruiting Solutions... LIC No. 917/067/068
AAKRITI RECRUITING PVT. LTD
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-4110811, 4110823
E-mail : kunchha@arplteam.com, kunchhanepal@gmail.com, Web: www.arplteam.com


# वीरगञ्जमा ट्यांकरमार्फत खानेपानी वितरण गरिने




**वीरगञ्ज (पर्सा)–** जिल्ला विपद् व्यवस्थापन समितिले मधेस सरकार र अन्य निकायबाट प्राप्त ट्यांकर प्रयोग गरी वीरगञ्ज महानगरसहित यहाँका विभिन्न स्थानीय तहमा खानेपानी वितरण गर्ने निर्णय गरेको छ ।

ट्यांकर र दमकलबाट नेपाली सेनामार्फत पानी वितरण गर्ने निर्णय समितिले गरेको हो । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले खानेपानी संस्थान र सम्बन्धित वडा कार्यालयसँगको समन्वयमा नेपाली सेनाको श्रीजंग गणले खानेपानीको चर्को अभाव झेलेका क्षेत्रमा पानी वितरण गर्ने जानकारी दिए । वितरणका लागि आवश्यक पानी उपलब्ध गराउन खानेपानी संस्थानलाई अनुरोध गरिएको छ । बैठकले दीर्घकालीन समाधानका लागि संघीय तथा प्रदेशका सम्बन्धित निकायमा पहलकदमी गर्न अनुरोध गर्ने निर्णय गरेको छ । नेपाल टेलिकमले खानेपानीको अभाव भएका जनताका लागि टोल फ्रि नम्बरको व्यवस्था गर्ने जनाएको छ ।

खानेपानी संस्थानका शाखा प्रमुख प्रवीणकुमार साहले संस्थानले दैनिक ८० लाख लिटरभन्दा बढी खानेपानी उत्पादन गरे पनि वितरण प्रणाली बजेट अभावका कारण व्यवस्थित हुन नसकेको बताए । 'यहाँका खानेपानीका उपभोक्ताले जथाभावी मोटरबाट पानी तान्ने प्रवृत्तिले समस्या देखिएको छ,' उनले भने, 'पानीको हाहाकार भएपछि पछिल्लो १५ दिनको अवधिमा नयाँ धारा जडान गर्न ९०० भन्दा बढी ग्राहकले निवेदन दिएका छन् ।'

वीरगञ्ज महानगर-२८ का वडाध्यक्ष सरयुग महतो धनुकले आफ्नो वडामा वीरगञ्ज महानगर र खानेपानी मन्त्रालयले एउटा पनि डिप बोरिङ नगरेको गुनासो गरे । वडा नम्बर २६ का वडाध्यक्ष शम्भु मिश्रले आफ्नो वडामा पनि खानेपानीको चर्को अभाव भएकाले ट्यांकरमार्फत खानेपानी वितरण गर्न जरुरी रहेको बताए ।

नेपाल विद्युत् प्राधिकरण वीरगञ्ज वितरण केन्द्र प्रमुख अवधेशकुमार दुबेले प्राधिकरणबाट ग्राहक बनेरमात्रै डिपबोरिङबाट खानेपानी वितरण गर्न सम्बन्धित निकायलाई आह्वान गरे । 'टोल-टोलमा हुकिङ गरेर डिप बोरिङ चलाउँदै आइरहेको भेट्टाएका छौं । ती डिप बोरिङको स्वामित्व लिएर विद्युत्को मिटर जडान गरेर खानेपानी वितरण गर्नका लागि अनुरोध गर्दछौं,' उनले भने । *रासस*


**बेलबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेलबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०४/०१ (17th July, 2025)**

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२।०२।३० गते राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित आन्तरिक श्रोत असुली सम्बन्धी सूचना मार्फत विद्युतिय बोलपत्रको माध्यमबाट आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका बोलपत्र मध्ये सबैभन्दा उच्चतम बोलअंक कबोल गर्ने र सारभूत रूपमा प्रभावग्राही देखिन आएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरूलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.स. | ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कुल कबोल अंक (मूल्य अभिबृद्धि कर सहित) |
|---|---|---|---|---|
| १. | *BM/S/NCB-01-2082/83* | बेलबारी ३ मा लाग्ने सोमबारे मवेशी पशु हाट बजार कर अशुली | श्री सुवेदी ब्रदर्स निर्माण सेवा प्रा.लि. बेलबारी, मोरङ | रू. ३३,५५,६१४।०० (अक्षरेपि तेतीस लाख पचपन्न हजार छ सय चौध रूपैया मात्र) |

प्रभाव दैनिक

रूपशाला

**मनोज गजुरेल समूहको 'गाईजात्रा' साउन २३ बाट**

हास्यकलाकार मनोज गजुरेल समूहले यस वर्षको गाईजात्रे प्रस्तुति साउन २३ गतेबाट सुरू गर्ने भएको छ । '८२ सालको गाईजात्रा' नाम दिइएको कार्यक्रम प्रज्ञा भवन कमलादीमा आयोजना हुनेछ । कलाकार गजुरेलले सामाजिक सञ्जालमा एक पोष्टर सार्वजनिक गर्दै कार्यक्रमको बारेमा जानकारी दिएका हुन् । कार्यक्रममा मनोज गजुरेल, शैलेन्द्र सिम्खडा, सुबोध गौतम, सुमन कार्की, पशुपति शर्मा, नवराज पराजुली, चक्र दवाडी, सिता न्यौपाने, प्रभात लामा, मेक्सम गौडेल, प्रकृति गिरी, श्रेया सुवेदी, आशिष खनाल, सन्देश सुवेदी , कल्पना खतिवडालगायत कलाकारको रुपमा रहनेछन् ।



बिहीबार, ०१ साउन, २०८२ (Thursday, July 17, 2025)

# संस्कृति मन्त्रालयले बाँड्यो विभिन्न विधामा प्रतिभा पुरस्कार

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यसअघि घोषणा गरिएका विभिन्न विधाका पुरस्कारहरू बुधबार एक समारोहकाबीच प्रदान गरेको छ ।

काठमाडौंमा आयोजित एक समारोहकाबीच संस्कृतिमन्त्री बद्रीप्रसाद पाण्डे र पूर्वमन्त्री एवं सांसद छविलाल विश्वकर्माले उक्त पुरस्कार प्रदान गरेका हुन् । मन्त्रालयले चार विधामा राष्ट्रिय प्रतिभा पुरस्कार प्रदान गरेको थियो । यस्तै प्रादेशिक पुरस्कार तथा अन्य विविध पुरस्कारसमेत सोमबार नै प्रदान गरिएको थियो ।

पुरस्कार प्रदान समारोहमा बोल्दै संस्कृति पर्यटन तथा नागरिक उ•यनमन्त्री पाण्डेले नेपालको पहिचान विश्वभरी फैलिएको जानकारी दिँदै नेपालको विविधता हेर्न, अध्ययन गर्न विश्व लालायित रहेको अनुभव सुनाए ।

विदेशका विभिन्न प्रतिष्ठित सङ्ग्रहालयमा नेपाली कला संस्कृति सङ्गहित रहेको जानकारी दिँदै उनले नेपालका विषयमा बुझ्न विदेशीहरूको चासो बढिरहेको बताए । उनले नेपालमा बसौंबसौं बनाउनका लागि लाग्न सबैलाई अनुरोध पनि गरे ।

अहिले नेपालका नेता तथा प्रशासनिक क्षेत्र आलोचित रहेको तर असल कामको प्रचार, प्रोत्साहन र आशाको सञ्चालन गर्न नसकिएको उल्लेख गरे । यस्ता प्रतिभाहरूले त्यस्ता काममा भूमिका खेल्नुपर्नेमा उनले जोड दिए । कार्यक्रममा पूर्वमन्त्री छविलाल विश्वकर्माले व्यवस्था बदलियो भनेर त्यसै छाड्न नहुने बताउँदै अवस्था बदल्न लाग्नुपर्नेमा जोड दिए ।



### विभिन्न विधामा पुरस्कार प्रदान

चार विधामा राष्ट्रिय प्रतिभा पुरस्कार र विभिन्न विधामा प्रादेशिक पुरस्कार प्रदान गरिएको छ । जनही रु एक लाख राशिको राष्ट्रिय प्रतिभा पुरस्कार भाषा र साहित्यतर्फ रामेछापका अमृत योञ्जन तामाङ, संस्कृतितर्फ मोरङका डा सोमबहादुर धिमाल, सङ्गीत तथा नाट्यतर्फ बाजुराका राजेन्द्रबहादुर शाह र ललितकलातर्फ काठमाडौंका मुकेश मल्ललाई प्रदान गरिएको थियो ।

यस्तै विधागतरूपमा प्रादेशिक प्रतिभा पुरस्कार पनि आजै वितरण गरिएको छ । जसअनुसार भाषा तथा साहित्य विधातर्फ कोशी प्रदेशबाट विमला तुम्खेवा, मधेश प्रदेशबाट श्यामसुन्दर शाह, बागमतीबाट नर्मदेश्वरी सत्याल, गण्डकी प्रदेशबाट मीनराज वसन्त रेग्मी, लुम्बिनी प्रदेशबाट भगवानदास यादव, कणाली प्रदशेबाट समिर शाह र सुदूरपश्चिम प्रदेशबाट नरेन्द्रप्रसाद भट्टलाई प्रदान गरिएको थियो ।

यस्तै संस्कृति विधातर्फ प्रादेश पुरस्कार पाउनेहरूमा कोशीबाट कमलजङ राई, मधेश प्रदेशबाट शीतल गिरी, बागमती प्रदेशबाट तारादेवी सुनार, गण्डकी प्रदेशबाट भक्तिप्रसाद शर्मा, लुम्बिनी प्रदेशबाट इन्द्रिस खाँ, कर्णाली प्रदेशबाट मोतिराम बम र सुदूरपश्चिम प्रदेशबाट देवेन्द्रप्रसाद भट्ट रहेका छन् ।

यसैगरी सङ्गीत तथा नाट्य विधातर्फ प्रादेशिक पुरस्कार पाउनेहरूमा कोशी प्रदेशबाट विपिन पौडेल, मधेश प्रदेशबाट शिवशङ्कर रिजाल, बागमती प्रदेशबाट सुदेशराज शर्मा, गण्डकी प्रदेशबाट दिया मास्के, लुम्बिनी प्रदेशबाट उदिराम खड्का, कर्णाली प्रदेशबाट तिलक परियार र सुदूरपश्चिम प्रदेशबाट प्रकाश थापा रहेका छन् ।

यस्तै ललितकला विधातर्फ कोशीबाट हिम्मतबहादुर लिम्बू, मधेश प्रदेशबाट गतिाकुमारी ठाकुर, बागमती प्रदेशबाट प्रमिला बज्राचार्य, गण्डकी प्रदेशबाट शशीध्वज तुलाचन, लुम्बिनी प्रदेशबाट हरिराम अधिकारी कर्णाली प्रदेशबाट थेक्क्षोक तामाङ र सुदूरपश्चिम प्रदेशबाट मित्थु चौधरीलाई प्रादेशिक प्रतिभा पुरस्कार प्रदान गरिएको थियो ।

यस्तै जनही रु एक लाख राशि रहेको महाकवि देवकोटा राष्ट्रिय पुरस्कारबाट पाँच जनालाई पुरस्कृत गरिएको छ । यसरी पुरस्कार पाउनेमा कवितार्फत तीर्थ श्रेष्ठ, निबन्धतर्फ लक्ष्मण गौतम, गद्य/आख्यानतर्फ नारायण ढकाल, लोक साहित्यतर्फ कल्पना प्रधान र भाषा साहित्यतर्फ रेशम विरही रहेका छन् ।

मन्त्रालयले एक लाख राशीकै आदिकवि भानुभक्त आचार्य राष्ट्रिय पुरस्कारबाट साहित्यकार रामप्रसाद ज्ञवालीलाई सम्मान गरेको छ । गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कारमा काव्यतर्फ भरतबहादुर भण्डारी र नाटकतर्फ किरण चाम्लिङ राईलाई प्रदान गरिएको छ । उक्त पुरस्कारको राशि पनि जनही रु एक लाख रहेको छ ।

योगमाया राष्ट्रिय पुरस्कार निलम कार्की निहारिका, भगत सर्वजित मानव मर्यादा, राष्ट्रिय पुरस्कारबाट मानबहादुर विश्वकर्मा र भीमकान्त पन्थीलाई प्रदान गरिएको छ । युगकवि सिद्धिचरण श्रेष्ठ राष्ट्रिय पुरस्कारबाट प्राडा देवीप्रसाद नेपाललाई सम्मान गरिएको छ । ती पुरस्कारको राशि पनि जनही एक लाख रहेको छ ।

इतिहास शिरोमणि बाबुराम आचार्य राष्ट्रिय पुरस्कारबाट नेपालमा खोज अनुसन्धानमा सक्रिय बेलायती नागरिक जोन वेल्पटनलाई सम्मान गरिएको छ । उक्त पुरस्कारको राशि रु दुई लाख रहेको छ । यस्तै एक लाख राशिकै शताब्दीपुरुष सत्यमोहन जोशी राष्ट्रिय पुरस्कारबाट प्राडा वीणा पौडेललाई प्रदान गरिएको छ । सो क्रममा पुरस्कृत व्यक्ति बिमला तुम्खेवा, नर्मदेश्वरी सत्याल, राजेन्द्रप्रसाद शाह, डा जोनलगायतले धारणा राखेका थिए ।

# 'द फेस नेपाल भोल्युम ५'को फिनालेमा आठ जना



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालकै पहिलो र ठूलो मोडलिङ रियालिटी शो 'द फेस नेपाल भोल्युम ५'को फिनालेमा ८ जनाबीच प्रतिष्पर्धा हुने भएको छ । यु क्यान फ्लाई मोडलिङ एजेन्सी आयोजक रहेको शोको फिनालेमा एलिना चौधरी, एलेन थापा, गणेश क्षेत्री, इर्भान वीर सिंह कंशकार, प्राश्ना श्रेष्ठ, प्रतिष्ठा रिजाल, तृषा चेम्जोङ र जोस गरेट प्रतिष्पर्धी छन् ।

कम्पनीकी प्रबन्ध निर्देशक स्वीकृति प्याकुरेलले नेपालमा मोडलहरूले अझ राम्रो 'एक्सपोजर' नपाइरहेको अवस्थामा उनीहरूलाई 'एक्सपोज'को प्लेटफर्म दिन शोको आयोजना गरिएको बताइन् । स्वीकृति पनि १० वर्षदेखि मोडलिङमा सक्रिय छिन् ।

'म १० वर्षदेखि मोडलिङमा लाग्दा एक्सपोजर पाउनुपर्ने भए पनि अहिलेको मोडलहरूले मोडलिङमा लाग्ने बित्तिकै एक्सपोजर पाइहाल्नुपर्ने भन्ने भएकाले यो रियालिटी शो निर्माण गरेका हौं', उनले भनिन्, 'नेपालमा मोडलिङ इभेन्टहरू भए पनि मोडलले निरन्तरता दिए अनुसारको हाइप बनाउन सकेका छैनन् । त्यसकारण हामी उनीहरूलाई अवसरको ढोका खोल्न चाहन्छौं ।' स्वीकृतिले फाइनलिस्टहरूको फ्यान फलोइङ राम्रो भएकाले शोमार्फत उनीहरूको आन्तरिक प्रतिभालाई बाहिर ल्याउन चाहेको खुलाइन् ।

एजेन्सीका संस्थापक सम्शाद शाहले नेपालमा मोडलिङलाई धेरै राम्रो नमानेकै कारण युवाहरू विदेश गइरहेको बताउँदै शोमार्फत ती युवाहरूलाई नेपालमै काम गर्न सकिन्छ भनेर प्लेटफर्म दिन चाहेको खुलाए ।

यसपटकको शोमा १८ जना सहभागी थिए । हरेक एपिसोडमा प्रतियोगी छाँटिदै फिनालेका लागि ८ जना पुगेका हुन् । प्रतियोगिताको फिनाले आगामी बिहीबार होटल सोल्टीमा हुँदैछ ।

प्रतियोगिताको उपाधि विजेताले द फेस नेपालको ब्राण्ड एम्बासडरसँगै ७ लाख रूपैंयाँ बराबरको उपहार, म्युजिक भिडियो, विज्ञापनमा मोडलिङको अवसरलगायतको पुरस्कार प्राप्त गर्नेछन् ।



# खेल संघसँग मन्त्रालयको अन्तरक्रिया




■ प्रभाव संवाददाता

**काठमाडौं** - युवा तथा खेलकुद मन्त्रालयको आयोजना र राष्ट्रिय खेलकुद परिषद् (राखेप)को संयोजनमा राष्ट्रिय खेल संघ/महासंघका पदाधिकारीसँगको अन्तरक्रिया कार्यक्रम सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा बुधबार सम्पन्न भएको छ ।

कार्यक्रममा खेलकुद मन्त्रालयका सह सचिव सुवासचन्द्र सिवाकोटीले कानूनी, प्रशासनिक, आर्थिक र विविध पक्षमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

राखेपअन्तर्गत खेलकुद विकास विभागका प्रशासकीय अधिकृत सानुराजा केसीले राष्ट्रिय खेल संघका आर्थिक श्रोत, अन्तर्राष्ट्रिय संघ/महासंघबाट प्राप्त सहयोग, प्रायोजन, टिकट विक्री, प्रशिक्षण शुल्क, खेलाडी ग्रेडिङ र लाइसेन्स विवरण, भौतिक संरचना तथा बजेट बारे कार्यपत्र पेश गरेका थिए ।

खेलकुद मन्त्री तेजुलाल चौधरीले नेपालको खेलकुद गुणात्मक सुधारको बाटोमा गइरहेको बताउँदै मिसन- २०२६ अन्तर्गत राष्ट्रिय टिम तयारीको प्रशिक्षणमा रहेका खेलाडीको सुविधा वृद्धिमा पहल गरिने बताए । उनले निजी क्षेत्रसँग सहकार्य गरी खेलकुदलाई अगाडि बढाउने बताउँदै सुशासन, पारदर्शीता र सुदृढकरणमा जोड दिए ।

राखेपका सदस्य सचिव टंकलाल घिसिङले कार्यक्रममा सहभागीको सुझाव सकरात्मक रहेको बताउदै निकै महत्वपूर्ण सुझावका लागि धन्यवाद दिए ।

खेलकुद मन्त्रालयका सचिव डा. हरिप्रसाद लम्सालले समस्याको समाधानका लागि पनि समय समयमा यस्तो कार्यक्रम जरुरी भएको बताए ।

राखेप कार्यकारी समिति र बोर्ड सदस्य, खेल संघका पदाधिकारीलगायतको उपस्थितिमा भएको एकदिने कार्यक्रममा सहभागीले दसौं राष्ट्रिय खेलकुद, खेलाडीले पाउने पुरस्कार, कर्मचारीको दरबन्दी, खेल सामाग्री, अन्तर्राष्ट्रिय एक्सपोजर, लेखा परिक्षण, पेश्की, बेरुजु, प्रशिक्षणस्थल, बजेट, खेल सामाग्रीलगायतका विषयमा आ-आफ्नो धारणा राखेका थिए ।

# कीर्तिपुर मैदानका ठेकेदार कम्पनीलाई दैनिक जरिवाना

■ प्रभाव संवाददाता

**काठमाडौ –** कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान स्तरोन्नति गरी प्यारापिट बनाउने र फ्लडलाइट हाल्ने काम नसक्ने ठेकेदार कम्पनीलाई हर्जना लगाइएको छ । तोकिएको मितिमा पनि काम सम्पन्न नभएपछि ठेकेदार कम्पनीलाई पूर्ववत् सम्झौताअनुसार क्षतिपूर्ति तिराइएको हो ।

सम्झौताअनुसार आयोजनाको कूल रकमको शून्य दशमलव शून्य पाँच प्रतिशत दैनिक हर्जना तिर्नुपर्नेछ । दैनिक दुई लाखभन्दा बढी क्षतिपूर्तिबापत रकम दिनुपर्ने सहरी विकास मन्त्रालयले जनाएको छ ।



मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले मैदानको प्यारापिट बनाउन बिकेओआई केसिडिसी बिजीको जोइन्ट भेन्चर कम्पनी (जेभी) र फ्लडलाइट जडानका लागि विशन ईश्वरी जेभीले गत फागुन १९ र २२ गते मन्त्रालय मातहतको सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयसँग सम्झौता गरेको जानकारी दिए । 'प्यारापिट बनाउन ४९ करोड २५ लाख र फ्लडलाइट जडानका लागि ४७ करोड ३७ लाखमा सम्झौता भएको थियो', उनले भने ।

सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका प्रमुख चक्रवर्ती कण्ठले यही असार ३० गते ठेकेदार कम्पनीलाई निर्धारित समयमा काम नसकेपछि हर्जना लाग्ने जानकारी गराइसकिएको बताए ।

'असार ३० गते निर्माण कम्पनीलाई पूर्वनिर्धारित क्षतिपूर्ति (हर्जना)बारे जानकारी गराइसकेका छौं । मङ्गलबारदेखि उहाँहरूले दैनिक हर्जना तिरेर काम गरिरहनुभएको छ । काम नसक्दासम्म दैनिक हर्जना लाग्नेछ', उनले भने, 'यसरी हर्जना तिरेर बढीमा २०० दिनसम्म अर्थात् आयोजनाको कूल रकमको १० प्रतिशत हर्जना हुने अवधिसम्म काम गर्न पाइने कानुनी व्यवस्था छ। सो अवधिमा पनि काम नसके निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने व्यवस्था छ ।'

उनले अनुसार चार हजार कुर्सी जडान भइसकेका छन् भने छ वटा फ्लडलाइटमध्ये तीन वटा पोल आइसकेका छन् । प्यारापिटतर्फ वित्तीय प्रगति ६३ प्रतिशत र भौतिक प्रगति ७७ प्रतिशत भएको छ । फ्लडलाइट जडानतर्फ २९ प्रतिशत वित्तीय र ४५ प्रतिशत भौतिक प्रगति भएको कण्ठले जानकारी दिए ।

# ज्ञान निकेतन र विल्सन फाइनलमा

**काठमाडौं (प्रस)–** ज्ञान निकेतन र विल्सन एकेडेमी दोस्रो काठमाडौं जेभियर्स पब्लिक थ्री बाइ थ्री बास्केटबल प्रतियोगिताको सिनियर्स ब्वाइजमा बुधबार फाइनलमा प्रवेश गरेका छन् । नयाँ बानेश्वरको लाखेचौर मार्गस्थित आयोजक काठमाडौं जेभियर्स पब्लिक स्कुलको कोर्टमा भएको सेमिफाइनलमा ज्ञान निकेतनले माइलस्टोनलाई १७-९ तथा विल्सनले हेम्सलाई १२-९ ले पराजित गरे ।

जुनियर ब्वाइजमा स्पाङ्गेलले केएमसीलाई ८-६ तथा ग्रिनलन्सले ज्ञान निकेतनलाई १०-८ ले हराउँदै फाइनल भेट पक्का गरे। सिनियर गर्ल्समा बौद्ध चिल्ड्रेन हेभनले क्यान्भास बसन्त ऋतुलाई ११-७ तथा डेफोडिल पब्लिक स्कुलले हिमालीलाई ८-३ ले पाखा लगाउँदै फाइनलमा स्थान सुरक्षित गरे ।





मंगलबार क्यालिफोर्नियाको इन्गलवुडमा रहेको किआ फोरममा आयोजित 'लाइफटाइम्स टुर' प्रस्तुति दिँदै गायिका केटी पेरी । *तस्बिरः एपी*

# थाइल्याण्डका पूर्वप्रधानमन्त्री थाक्सिन अदालतमा



**बैंकक–** थाइल्याण्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राले शाही मानहानिको आरोपविरुद्ध आफ्नो बचाउ गर्दै बुधबार अदालतमा बयान दिएका छन् ।

थाक्सिनलाई बैंककको बन्द कोठामा भएको सुनुवाइमा दोषी ठहर गरिएमा १५ वर्षको जेल सजाय हुन सक्छ । उनलाई 'लेस मेजेस्टे' कानुनको उल्लंघन गरेको आरोप लगाइएको छ । 'लेस मेजेस्टे'लाई कानुन थाइल्याण्डको शाही परिवारलाई दुर्व्यवहार र आलोचनाबाट जोगाउने कडा कानुनको रूपमा हेरिन्छ ।

बितेको २५ वर्षदेखि ७५ वर्षीय प्रभावशाली टेलिकम उद्योगपति थाक्सिन सिनावात्रा थाई राजनीतिको एक परिभाषित व्यक्तित्व भएका छन् जसले परम्परागत शाही समर्थक सैन्य अभिजात वर्गसँग मिलेर काम गर्दै थाइल्याण्डमा एक राजनीतिक वंशको स्थापना गर्न सफल भएका छन् । सिनावात्राकी छोरी पेटोङ्टार्न सिनावात्रालाई यसै महिना प्रधानमन्त्रीबाट निलम्बन गर्नुले उनीहरूको परिवारको राजनीतिक भाग्यमा नाटकीय ह्रास आएको विश्लेषकहरूले बताएका छन् ।

थाक्सिनले एक दशकअघि दक्षिण कोरियाली सञ्चारमाध्यमलाई दिएको टिप्पणीमा अभियोजन पक्षको मुद्दा घुमेको छ । केही हप्ताभित्र फैसला आउने अपेक्षा गरिएको छैन । थाक्सिनका वकिल विन्यात चटमोन्त्रीले एएफपीसँग कुरा गर्दै आफूले बिहान बयान दिएको र अझै थप बयान पनि जारी रहने बताए ।

थाक्सिनका करिब ५० जना समर्थकले उनको राजनीतिक आन्दोलनको रातो रङको सर्ट लगाएका थिए र त्यसमा उनको अनुहारको चित्र अंकित थियो । थाक्सिनका शुभचिन्तक ७९ वर्षीय रिटायर्ड एकाउण्टेण्ट भेउ विलाइलाकले एएफपीसँग भने, 'उहाँ निकै प्रतिभाशाली व्यक्ति हुनुहुन्छ । तर विगतको अनुभवबाट, खराब मानिसहरू केवल उहाँबाट छुटकारा पाउन चाहन्छन् ।'

थाक्सिन सन् २०२३ को अगष्टमा १५ वर्ष निर्वासन जीवन बिताएर थाइल्याण्ड फर्किएका थिए । आफ्नो परिवारको फेउ थाई पार्टीले आफ्ना रूढिवादी पूर्वशत्रुहरूद्वारा समर्थित गठबन्धन सरकारको प्रमुखको रूपमा पदभार ग्रहण गरेकै दिन उनी स्वदेश फर्किएका थिए । नयाँ सरकार गठनसँगै उनी स्वदेश फर्किनुलाई गोप्य सम्झौतापछिको परिस्थितिकारूपमा व्यख्या गरिएको थियो ।

थाक्सिनलाई भ्रष्टाचार र शक्तिको दुरूपयोगको अभियोगमा तत्काल आठ वर्षको जेल सजाय सुनाइएको थियो र पछि राजा महा वजिरालोङकोर्नले माफी दिएपछि एक वर्षको जेल सजाय सुनाइएको थियो । राजनीतिक विश्लेषक युट्टापोर्न इसाराचाईले एएफपीसँग भने, 'थाई संस्थापन समूहभित्र जहिले पनि कोही न कोहीले उनलाई थाई समाजका लागि खतराको रूपमा हेर्छन् ।'

हालैका अन्तर्वार्ताहरूमा थाक्सिनले राजसंस्थाप्रति आफ्नो वफादारी पुष्टि गर्दै राजाले आफूलाई दिएको क्षमाका लागि कृतज्ञता व्यक्त गरेका थिए । जुलाई १ मा अदालत बाहिर एएफपीसँग कुरा गर्दै थाक्सिनका वकिल विन्यातले मुद्दाको गम्भीरताका बावजुद उनी शान्त देखिएको बताए ।

सोही दिन थाक्सिनकी छोरी पेटोङ्टार्नलाई संवैधानिक अदालतले थाइल्याण्ड र छिमेकी कम्बोडियाबीचको सीमा विवादबारे छलफल गर्ने कूटनीतिक फोन कलको क्रममा उनको आचरणको नैतिक जाँच नभएसम्मका लागि निलम्बित गरेको थियो । उक्त फोनवार्तामा पेटोङ्टार्नले कम्बोडियाका पूर्वनेता हुन सेनलाई 'अंकल' को संज्ञा दिँदै एक थाई सैन्य कमाण्डरलाई 'प्रतिद्वन्द्वी'को संज्ञा दिएकी थिइन् ।

फेउ थाईको प्रमुख कन्जरभेटिभ समर्थकहरूले यस आग्रहप्रति विरोध जनाउँदै गठबन्धन परित्याग गरेका छन्, जसले गर्दा सरकारलाई कामचलाउ नेतृत्वमा रहेको संसदीय बहुमत प्राप्त प्रधानमन्त्रीको साथ छोडिएको थियो । *रासस/एएफपी*

# इण्डोनेसियालाई १९ प्रतिशत कर लगाउने ट्रम्पको घोषणा



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इण्डोनेसियासँग आफूले व्यापार सम्झौता गरेको बताएका छन् । सम्झौताअन्तर्गत दक्षिणपूर्वी एसियाली मुलुक इण्डोनेसियाबाट अमेरिकाले ठूलो परिमाणमा सामान खरिद गर्ने छ ।

ट्रम्पले आफ्नै लगानीको सामाजिक सञ्जाल ट्रुथ सोसल प्लेटफर्ममा एक पोस्टमा संयुक्त राज्य अमेरिका प्रवेश गर्ने इण्डोनेसियाली सामानहरूमा १९ प्रतिशत कर लाग्ने उल्लेख गरेका छन् । यो राष्ट्रपतिले यसअघि इण्डोनेसियालाई लगाउने भनिएको ३२ प्रतिशत करभन्दा निकै कम हो ।

'सम्झौताअनुसार इण्डोनेसियाले अमेरिकी ऊर्जामा १५ अर्ब डलर, अमेरिकी कृषि उत्पादनमा ४.५ अर्ब डलर र ५० वटा बोइङ जेट खरिद गर्ने प्रतिबद्धता जनाएको छ,' ट्रम्पले लेखेका छन् । यो घोषणापछि बोइङको सेयर ०.२ प्रतिशतले घटेको छ ।

अमेरिकी राष्ट्रपतिको कर योजनाबाट बच्नका लागि देशहरूले वासिङ्टनसँग वार्ता गर्न चाहना राख्न थालेपछि ट्रम्प प्रशासनलाई तत्काल व्यापार सम्झौताहरू सम्पन्न गर्न दबाब परेको छ। राष्ट्रपति ट्रम्पले अहिलेसम्म बेलायत र भियतनामसँगको अन्य सम्झौतामात्र सार्वजनिक गरेका छन् भने चीनसँग अस्थायीरूपमा प्रतिशोधात्मक (टि फर टचाट्) कर घटाउने सम्झौता गरेका छन् ।

गत हप्ता ट्रम्पले इण्डोनेसियाली सामानमा ३२ प्रतिशत कर लगाउने चेतावनी दिँदै देशको नेतृत्वलाई पत्र लेखेका थिए । पत्रमा कर वृद्धिसम्बन्धी निर्णय अगस्ट १ देखि लागू हुने उनले बताएका थिए । इण्डोनेसियामा मंगलबार घोषणा गरिएको सम्झौताबाट घटाइएको शुल्क स्तर कहिलेदेखि लागू हुन्छ भन्ने स्पष्ट छैन । यसको विभिन्न खरिदहरू कुन अवधिमा हुने छ भन्ने पनि निर्दिष्ट गरिएको थिएन ।

इण्डोनेसियाका राष्ट्रपति प्राबोवो सुबियान्तोसँग कुरा गरेपछि अन्तिम रूप दिइएको उक्त सम्झौताअन्तर्गत उच्च करबाट बच्नका लागि जहाजबाट ढुवानी गरिएका सामानमा चर्को कर लाग्ने ट्रम्पले सामाजिक सञ्जालमार्फत जानकारी दिएका छन् । उनले भारतसँग अन्य सम्झौताको काम भइरहेको र युरोपियन युनियनसँग वार्ता जारी रहेको बताएका छन् ।

इण्डोनेसियाली राष्ट्रपतिका प्रवक्ता हसन नास्बीले बुधबार सम्झौता 'प्रगति' भएको र यसलाई सामान्य भन्न नमिल्ने बताएका थिए । नयाँ १९ प्रतिशत को दरलाई पुष्टि गर्दै उनले भने, 'यो हाम्रा राष्ट्रप्रमुखले अमेरिकी राष्ट्रपतिसँग प्रत्यक्षरूपमा गरेको असाधारण वार्ता हो ।' उनले एएफपीलाई बताएअनुसार प्राबोवोले युरोप भ्रमणबाट फर्केपछि बुधबार दिउँसो सम्झौताबारे वक्तव्य दिने छन् ।

इण्डोनेसियाका पूर्वविदेश उपमन्त्री डिनो पट्टी जालालले मंगलबार विदेश नीति कार्यक्रममा सरकारका भित्री सूत्रहरूले नयाँ सम्झौताबाट आफूहरू खुसी रहेको संकेत गरेको बताएका छन् ।

ट्रम्पले गत अप्रिलमा लगभग सबै व्यापारिक साझेदारमाथि १० प्रतिशत कर लगाइएको घोषणा गरेका थिए । उनले युरोपेली संघ, चीन, इण्डोनेसियालगायत दर्जनौं अर्थतन्त्रका लागि यो स्तर बढाउने घोषणा गरेका थिए । प्रत्येक अर्थव्यवस्थामा अनुकूलित व्यापक कर लागू हुनुभन्दा केही दिन अघि जुलाई ९ मा लागू गर्ने भनिएको कर अगस्ट १ सम्मका लागि बिस्तार गरिएको राष्ट्रपति ट्रम्पले बताएका थिए । यो कर वृद्धि गर्ने ट्रम्पको निर्णय लागू गर्ने विषयमा भएको दोस्रो स्थगन थियो ।

गत साताको सुरुदेखि नै ट्रम्पले साझेदारहरूलाई पत्र पठाउँदै आगामी अगस्टमा उनीहरूले सामना गर्नुपर्ने करको स्तर निर्धारण गर्दै आएका छन् । *रासस/एएफपी*

# जापानमा पहिलो छ महिनामा दुई करोड १५ लाख पर्यटक



**टोकियो–** यस वर्षको पहिलो छ महिनामा रेकर्ड दुई करोड १५ लाख पर्यटकले जापान भ्रमण गरेको बुधबार सरकारी तथ्यांकले देखाएको छ । यो वार्षिक आधारमा २१ प्रतिशतले वृद्धि हो । यद्यपि भूकम्पको अफवाहका कारण हङकङका पर्यटकहरूमा एकतिहाइले कमी आएको छ ।

'यो संख्या छ महिनामा दुई करोड करोड नाघेको छ, जुन अहिलेसम्मकै सबैभन्दा तीव्र गति हो,' जापान राष्ट्रिय पर्यटन संगठन (जेएनटिओ) ले एक विज्ञप्तिमा भनेको छ । 'स्कूलको बिदासँग मिलाएर बढेको मागका' कारण जुनमा मात्र यो संख्या ७.६ प्रतिशतले बढेर रेकर्ड ३४ लाख पुगेको संगठनले बताएको छ ।

चीन, दक्षिण कोरिया, सिंगापुर, भारत, संयुक्त राज्य अमेरिका र जर्मनीबाट आउने पर्यटकहरूमा वर्षअनुसार वृद्धि भएका कारण यो संख्या बढेको हो । तर हङकङका यात्रुहरूको संख्या ३३.४ प्रतिशतले घटेको छ । जेएनटिओले जापानमा ठूलो भूकम्पको चेतावनी दिने अनलाइन अफवाहलाई उद्धृत गरेको छ । सन् २०२४ मा हङकङका करिब २७ लाख मानिस जापान पुगेका थिए ।

भूकम्प कहिले आउने छ भनेर ठ्याक्कै थाहा पाउन असम्भव भए पनि चिनियाँ सहरका बासिन्दाहरूमा डर पैदा गर्ने भविष्यवाणीहरू व्यापकरूपमा फैलिएको छ । केही पोस्टहरूले जापानी मंगा कमिकलाई उद्धृत गरेका छन् । लेखकको सपनामा आधारित उक्त कमिकले सन् २०२५ जुलाईमा ठूलो प्राकृतिक प्रकोपको भविष्यवाणी गर्दछ ।

जापानी अधिकारीहरूले बारम्बार अफवाहहरू झूठो भएको बताएका छन् । सरकारले सन् २०३० सम्ममा पर्यटक संख्या दोब्बर गरेर वार्षिक छ करोड पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य राखेको छ । अधिकारीहरूले उनीहरू पर्यटकहरूलाई देशभर समानरूपमा फैलाउन चाहेको र वसन्तको चेरी फूल वा शरदको चम्किलो रङहरूको तस्बिर खिच्न उत्सुक पर्यटकहरूको अवरोधबाट बच्न चाहेको बताएका छन् ।

तर इटालीको भेनिसजस्ता अन्य विश्वव्यापी पर्यटक आकर्षणमा जस्तै पुरानो राजधानी क्योटोजस्ता गन्तव्यहरूमा बासिन्दाहरूबाट बढ्दो प्रतिरोध आएको छ । *रासस/एएफपी*

# बेलायतले पाकिस्तानी एयरलाइन्समाथिको प्रतिबन्ध हटाउने

**इस्लामाबाद–** बेलायतको राजधानी इस्लामाबादस्थित बेलायती दूतावासले पाकिस्तानी वायुसेवा कम्पनीमाथि लगाइएको प्रतिबन्ध फुकुवा गरेको जनाएको छ । सन् २०२० को जुन महिनामा कराँचीको सडकमा पाकिस्तान इण्टरनेसनल एयरलाइन्सको एउटा विमान खस्दा करिब १०० जनाको मृत्यु भएपछि पाकिस्तानी वायुसेवामाथि बेलायतले प्रतिबन्ध लगाएको थियो ।

चालक र एयर ट्राफिक कण्ट्रोलले गरेको मानवीय त्रुटिका कारण यो दुर्घटना भएको र त्यसपछि चालकका लागि लगभग एकतिहाइ लाइसेन्स नक्कली वा शंकास्पद भएको आरोप लागेको थियो । इस्लामाबादस्थित बेलायती उच्चायोगका अनुसार बेलायतको हवाई सुरक्षा समितिले पाकिस्तानमा हवाई सुरक्षामा सुधार भएपछि प्रतिबन्ध हटाउने निर्णय गरेको थियो । 'यो स्वतन्त्र र प्राविधिक रूपमा सञ्चालित प्रक्रियाको आधारमा यसले पाकिस्तान र यसका हवाई वाहकहरूलाई 'बेलायतको हवाई सुरक्षा सूची'बाट हटाउने निर्णय गरेको छ,' एक विज्ञप्तिमा भनिएको छ ।

युरोपेली नियामकहरूले पिआइएमाथिको चार वर्षको प्रतिबन्ध हटाएपछि पाकिस्तानको सरकारी स्वामित्वको विमान कम्पनीले जनवरीदेखि युरोपमा उडान पुनः सुरु गरेपछि यो कदम चालिएको हो । पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले प्रतिबन्ध फुकुवा हुनुलाई 'देशका लागि महत्त्वपूर्ण कोसेढुंगा' भनेका छन् ।

'बेलायतले पाकिस्तानी उडानमा लगाएको प्रतिबन्ध हटाउनु बेलायतमा रहेका पाकिस्तानीहरूका लागि राहतको स्रोत हो,' उनले एक विज्ञप्तिमा भनेका छन् । पिआइएले इस्लामाबादबाट म्यानचेस्टरका लागि पहिलो उडानसँगै 'सकेसम्म छोटो समयमा' बेलायतका लागि सेवा पुनः सुरु गर्ने जनाएको छ । *रासस/एएफपी*


## साउदीमा रोजगार — कम्पनी : FORSA ARABIA CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/03/32 | LT. No. 327087 | चलानी नं. ६०२४१०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 5 | 0 | 1200 | ४४,२०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82

## कतारमा रोजगार — कम्पनी : ZEZENIA BAKERY &RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/०१/०७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/03/32 | LT. No. 322166 | चलानी नं. ६०२३६२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Baker | 2 | 0 | 1500 | ५६,४७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hotel Cleaner | 1 | 0 | 1000 | ३७,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## जापानमा रोजगारको अवसर — कम्पनी : ITO COOPERATIVE LTD

पूर्व स्वीकृति मिति : २०८२/03/32 | LT. No. 327151 | चलानी नं. ६०२४१०४३ | शेवा शुल्क: १0,000

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Interior finishing board finishing Construction work | 1 | 0 | 186967 | १,७४,४२४ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/03/32 | LT. No. 327170 | चलानी नं. ६०२४१०६५ | शेवा शुल्क: नि:शुल्क

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONSTRUCTION EQUIPMENT | 2 | 0 | 187129 | १,७३,०१५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/03/32 | LT. No. 327106 | चलानी नं. ६०२४१०४० | शेवा शुल्क: १0,000

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Interior Finishing | 1 | 0 | 186967 | १,७४,४२४ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९२००० | प्रति तोला – ० | प्रति तोला – २२६० |



**डिहीमा धानखेती** | लमजुङको मध्यनेपाल-डही गाउँ । यस वर्ष समयमै पानी परेकाले डिहीस्थित खेतमा असारमै किसानले रोपाइँ सम्पन्न गरेका छन् ।
*तस्बिर : देवेन्द्र गुरूङ/रासस*

# ३० व्यावसायिक संस्थालाई 'सिआइपी' सम्मान

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** सरकारले ३० व्यावसायिक कम्पनी तथा संस्थालाई महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (सीआईपी) सम्मान प्रदान गरेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा बुधबार काठमाडौंमा आयोजित कार्यक्रममा उद्योगमन्त्री दामोदर भण्डारीले सीआईपी सम्मान प्रदान गरे ।

सीआईपी प्राप्त गर्नेहरूमा २१ व्यावसायिक फर्म तथा कम्पनी रहेका छन् भने निजी क्षेत्रका प्रतिनिधिमूलक ९ संस्थाले मानार्थ सीआईपी प्राप्त गरेका छन् ।

सोही अवसरमा उद्योगमन्त्री भण्डारीले देशको समृद्धिका लागि निजी क्षेत्रसँगको सहकार्यलाई थप बलियो बनाइने बताए । उनले सीआईपी सम्म्मानले उद्योगी-व्यवसायीको मनोबल उच्च राख्दै निर्यात प्रवर्द्धनमा थप प्रभावकारी भूमिका खेल्ने बताए ।

नेपाल सन् २०२६ मा एलडीसी ग्र्याजुएसनमा जाने हुनाले सरकार र निजी क्षेत्र मिलेर आउने दिनको रणनीति बनाउनु पर्ने उनले बताए । सोही अवसरमा उद्योग वाणिज्य महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको निर्यात वार्षिक करिब १० खर्ब पुऱ्याउन सकिने बताए । उनले नेपालको निर्यात सम्भावना हेर्दा वार्षिक करिब १० खर्ब पुऱ्याउन र कुल गार्हस्थ उत्पादनको शुन्य दशमलव २ प्रतिशत मात्रै रहेको विदेशी लगानी केही वर्षमै १० प्रतिशत पुऱ्याउन सकिने धारणा राखे ।

व्यवसायीका प्रतिनिधिमूलक संस्थाका तर्फबाट उद्योग वाणिज्य महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल चेम्बर अफ कमर्स अध्यक्ष कमलेशकुमार अग्रवाल र नेपाल उद्योग परिसंघ निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाललाई मानार्थ सीआईपी सम्मान प्रदान गरिएको छ । यी संस्थालाई निर्यात व्यापारका साथै वाणिज्य क्षेत्रमा प्रवर्द्धनात्मक कार्य गरी आर्थिक विकासमा उल्लेख्य योगदान पुऱ्याएको भनेर सम्मान गरिएको हो ।

यस्तै व्यवसायीका प्रतिनिधिमूलक महासंघतर्फ नेपाल हस्तकला महासंघ र निर्यात व्यवसायी महासंघ अध्यक्षलाई मानार्थ सीआईपी प्रदान गरिएको छ । यसबाहेक व्यवसायीका प्रतिनिधिमूलक वस्तुगत संघतर्फ नेपाल छुर्पी व्यवसायी संघ झापा, नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघ, नेपाल तयारी पोसाक उद्योग संघ र नेपाल ऊनी फेल्ट उत्पादक तथा निर्यात संघले मानार्थ सीआईपी सम्मान पाएका छन् । उनीहरूलाई तेस्रो मुलुकतर्फ आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा कुल ५ अर्ब वा त्यसभन्दा बढी निर्यात गरेका आधारमा यो सम्मान प्रदान गरिएको हो । यसैगरी तेस्रो मुलुकतर्फ सबैभन्दा बढी वस्तु निकासी गर्ने अग्रस्थानका पाँच वस्तुमध्ये प्रत्येकबाट एक-एक व्यवसायीलाई सीआईपी सम्मान प्रदान गरिएको छ ।

जसअन्तर्गत ऊनी गलैंचातर्फ थर्ड आई इन्टरनेसनल, तयारी पोसाकतर्फ नेपाल फेसन प्रालि, ऊनी फेल्टका सामानतर्फ नेसनल एक्स्पोट्स प्रालि, छुर्पीतर्फ मनराम हिमालयन ह्यान्डिक्राफ्ट प्रालि र पश्मिना वस्तुतर्फ ट्राइकोट इन्डस्ट्रिजले सीआईपी सम्मान प्राप्त गरेका छन् ।

यस्तै भारततर्फ निकासी रकमका आधारमा सम्मान पाउनेमा डाबर नेपाल प्रालि, आरती स्ट्रिप्स र रिलायन्स स्पिनिङ मिल्स लिमिटेड र चीनतर्फको निकासी रकमका आधारमा छोमेन ट्रेडर्स, फिन्जो सोनाम इन्टरप्राइजेज र अष्टमंगल काठमाडौंले सीआईपी सम्मान प्राप्त गरेका छन् ।

यसैगरी नेपालको मौलिक सिप, कला र संस्कृति झल्किने हस्तकलाका वस्तु निर्यातबाट सबैभन्दा धेरै रकम भित्र्याउने निर्यातकर्तामा गिफ्ट ल्यान्ड इन्टरप्राइजेज प्रालिले पनि सीआईपी सम्मान पाएका छन् ।

यसैगरी प्राथमकितामा राखेका निर्यात सम्भावनायुक्त वस्तुमध्ये कृषिजन्य वस्तु सबैभन्दा बढी रकमको निर्यात गर्ने निर्यातकर्तामध्ये नेपाल एभरेस्ट कार्डमम प्रडक्सन झापा र जडीबुटी क्षेत्रबाट एबी हर्बल ट्रेडर्स एन्ड सप्लायर्स दार्चुलाले यो सम्मान प्राप्त गरेका छन् ।

महिला निर्यातकर्तामा जनकपुर रिफाइनरिज काठमाडौं र तेस्रो मुलुकतर्फ गत दुई आर्थिक वर्षमा १ अर्ब वा त्यसभन्दा बढी निकासी गर्ने उद्योग, संस्था, फर्म वा कम्पनीमध्ये द सांग्रिला कार्पेट एन्ड ह्यान्डिक्राफ्ट, एभरेस्ट फेसन र त्रिवेणी स्पिनिङ मिल्स लिमिटेड र स्टार्टअपतर्फ माइन्डफुल क्राफ्ट प्रालि काठमाडौंले सीआईपी सम्मान प्राप्त गरेका छन् ।

यसैगरी बैंकिङ प्रणाली मार्फत विप्रेषणको कारोबारमा आईएमई लिमिटेड र पर्यटन क्षेत्रमा एभरेस्ट हस्पिटालिटी होटल लिमिटेडले सीआईपी सम्मान प्राप्त गरेका छन् ।

# कोहलपुर-सुर्खेत प्रसारणलाइन विस्तारको तयारी

■ **प्रभाव संवाददाता**

**काँक्रेविहार (सुर्खेत)–** उच्च अदालतको फैसलासँगै बाँकेको कोहलपुरबाट कर्णाली प्रदेशको राजधानी सुर्खेतमा १३२ केभी विद्युत् प्रसारण लाइन विस्तारको बाटो खुलेको छ ।

मुख्यमन्त्री यामलाल कँडेलका अनुसार बाँकेको बैजनाथ गाउँपालिकाको वडा नं १ गाभर र वडा नं ४ को बानियाँभारमा लाइन विस्तारका क्रममा उत्पन्न अवरोध न्यायालयको निर्णयपछि हटेकाले लाइन विस्तार गर्न सहज भएको हो ।

आयोजनाको काम छ महिनाभित्र पूरा गर्नेगरी काम अघि बढाइएको कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन विस्तारआयोजनाका प्रमुख रवि चौधरीले बताए । वीरेन्द्रनगर नगरपालिका-११ सुब्बाकुनाको विवाद पनि समाधान भएको छ ।

हालसम्म आयोजनाको ९५ प्रतिशत प्रगति हासिल भएको छ । सत्तरी करोड लागतको उक्त आयोजनाअन्तर्गत धमाधम रूख कटान भइरहेको छ । हालसम्म पाँच हजार रूख काटिएका छन्भने अझै पाँच हजार पाँच सय रूख काट्नुपर्नेछ ।

आयोजना प्रमुख चौधरीका अनुसार एक सय ५६ फाउन्डेसन निर्माण गरिएको छन्भने अब छवटा फाउन्डेसन निर्माण गरिने छन् । हालसम्म ४० किलोमिटर तार तानिएको छ । अब १२ किलोमिटर तार तान्न बाँकी छ ।

## कर्पोरेट

### सिटिजन्स बैंकको सातै प्रदेशमा वित्तीय साक्षरता कार्यक्रम




**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले चालु आर्थिक वर्ष २०८१/८२ मा सातै प्रदेशका आफ्ना शाखाहरूमार्फत वित्तीय साक्षरताका विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । बैंकले वित्तीय सचेतना अभिवृद्धि गर्ने उद्देश्यले देशभरका १४८ शाखा कार्यालयहरूबाट कार्यक्रम सञ्चालन गरेको जनाएको छ ।

बैंकका अनुसार कोशी प्रदेशका १९, मधेश प्रदेशका १६, बाग्मती प्रदेशका ४७, गण्डकी प्रदेशका १४, लुम्बिनी प्रदेशका ३२, कर्णाली प्रदेशका ११ तथा सुदूरपश्चिम प्रदेशका ९ शाखाहरूबाट कार्यक्रम सञ्चालन गरिएको हो । वित्तीय साक्षरताका यी कार्यक्रमहरूमा महिला, विद्यार्थीख, कृषक, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरू लगायत विभिन्न वर्ग र उमेर समूहका हजारौं व्यक्तिहरूलाई लक्षित गरिएको थियो । कार्यक्रममा सहभागीहरूलाई वित्तीय साक्षरताको आवश्यकता र यसको महत्त्वका साथै डिजिटल बैंकिङसँगै बढेका सम्भावित अपराध र जोखिमका बारेमा समेत जानकारी दिइएको थियो ।

बैंकले नगद कारोबार, लेनदेन तथा विप्रेषण जस्ता वित्तीय कारोबारहरू गर्दा बैंकिङ प्रणालीकै प्रयोग गर्न आग्रह गर्दै, यसबाट बैंकिङ प्रणाली थप मजबुत हुने र सर्वसाधारणमा वित्तीय ज्ञानको विकास हुने विश्वास व्यक्त गरेको छ ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सिटिजन्स बैंकले यसअघि पनि देशका विभिन्न ठाउँमा स्वास्थ्य शिविर सञ्चालन, सामुदायिक विद्यालय र असहायहरूलाई सहयोगजस्ता कार्यहरू गर्दै आएको छ । हालै मात्र विश्वकै प्रतिष्ठित 'बैंक अफ द इयर २०२४' को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समयअघि फोनपेसँग सहकार्य गरी नेपालमै पहिलो पटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' अर्थात् भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ । यस्तै, मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र ऋच्ल नम्बर सेवा लिन सकिने सुविधा पनि पहिलो पटक ल्याएको बैंकको दाबी छ ।

हाल सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले ६१ जिल्लामा फैलिएका आफ्ना २०० शाखा, १६७ एटिएम, ३ विस्तारित काउन्टर र ७४ शाखारहित बैंकिङ इकाइहरूमार्फत १९ लाख १२ हजारभन्दा बढी ग्राहकलाई आधुनिक बैंकिङ सेवा प्रदान गरिरहेको छ ।

### बिमा शुल्क आर्जनमा नेपाल लाइफको रेकर्ड

**काठमाडौं (प्रस)–** नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले स्थापनाको २५औं वर्षमा आइपुग्दै गर्दा १० अर्ब रुपैयाँ प्रथम बिमा शुल्क आर्जन गर्दै नेपालको जीवन बिमा उद्योगमा ऐतिहासिक रेकर्ड बनाउन सफल भएको छ ।




यस अवसरमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले कम्पनीलाई मार्ग निर्देशन प्रदान गर्ने सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरू, कम्पनीमा विश्वास गरी बिमा गर्नुहुने बीमितहरू, कम्पनीको मेरुदण्डको रूपमा रहनुभएका बिमा अभिकर्ताहरू, कम्पनीका कर्मचारीहरू, शेयरधनी महानुभावहरू, नियामक निकायहरू तथा यस ऐतिहासिक लक्ष्यलाई मूर्तता प्रदान गर्न अहोरात्र सहयोग गर्ने सम्पूर्ण सरोकारवालाहरूमा धन्यवाद ज्ञापन गरेका छन् ।

नेपाल लाइफले हासिल गरेको यो ऐतिहासिक उपलब्धिले बिमा बजारलाई दिशानिर्देश समेत प्रदान गरेको छ । आगामी दिनमा बिमा बजारको श्रीवृद्धिमा यसले अतुलनीय भूमिका निर्वाह गर्नेमा नेपाल लाइफ विश्वस्त छ । नेपाल लाइफ प्रविधिमैत्री प्रणालीहरूको अधिकतम प्रयोग गर्दै समयानुकूल सम्पूर्ण तप्कालाई उपयुत हुने खालका इनोभेटिभ प्रोडक्टहरू ल्याउने, लगानीको प्रतिफललाई उच्च बनाउन लगानी विविधिकरण गर्दै जाने ,कर्मचारी तथा अभिकर्ताहरूको ज्ञान, सीप र दक्षतालाई अभिवृद्धि गर्न तालिमहरू सञ्चालन गर्दै आम नागरिकहरूलाई विश्वस्तरीय बिमा सेवा प्रदान गर्न कम्पनी कटिबद्ध रहेको कुरा कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले बताए ।

# नेप्से परिसूचक ३४ अंकले बढ्दा १४ अर्बको कारोबार

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३४ दशमलव ६१ अंकले बढेर दुई हजार ७९४ दशमलव ७८ को विन्दुमा कायम भएको छ । तीन सय ३० कम्पनीको चार करोड ३१ लाख ११ हजार ४१६ कित्ता शेयर ९९ हजार ५०५ पटक खरिदबिक्री हुँदा रु १४ अर्ब तीन करोड ४८ लाख ३९ हजार ८८० बराबरको कारोबार भएको छ ।




कारोबारमा व्यापार समूह शून्य दशमलव १८ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै विकास बैंक समूह तीन दशमलव ८६ प्रतिशतले बढेको छ । बैंकिङ एक दशमलव ५९, वित्त शून्य दशमलव ७५, होटल तथा पर्यटन शून्य दशमलव ५९, जलविद्युत् एक दशमलव २८ र लगानी शून्य दशमलव ५२ प्रतिशतले बढेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ३९, लघुवित्त एक दशमलव ८५, म्युचुअल फण्ड एक दशमलव ५८, निर्जीवन बिमा एक दशमलव ८५ र अन्य समूह शून्य दशमलव ३३ प्रतिशतले बढेको छ ।

कारोबारका एक सय ९३ कम्पनीको शेयर मूल्य बढ्दा ५५ वटाको घटेको छ । केबिएल डिबेञ्चर-२०९० र थ्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी माईखोला हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ८७ प्रतिशतले घटेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ